पहिलो बैठक

आज मिति २०८० साल असार ०७ गते अपरान्ह २:०० बजे बिहिबारका दिन यस धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमालज्यूको अध्यक्षतामा धनगढी उप-महानगरपालिका नगरसभाको दशौं अधिवेशनको प्रथम बैठक देहायका नगरसभा सदस्यज्यूहरुको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति:

क्र.स.	नाम, थर	पद	हस्ताक्षर
१	श्री गोपाल हमाल	नगरसभा अध्यक्ष	
२	श्री कन्दकला कुमारी राना	नगरसभा उपाध्यक्ष	
३	श्री सन्तोष मुडभरी	नगरसभा सदस्य	
४	श्री सत्यदेवी जोशी	नगरसभा सदस्य	
५	श्री सरस्वती लुहार कोली	नगरसभा सदस्य	
६	श्री डम्मरनाथ जोशी	नगरसभा सदस्य	
७	श्री धर्मराज उपाध्याय	नगरसभा सदस्य	
८	श्री महादेव सुनार	नगरसभा सदस्य	
९	श्री धर्मराज ओझा	नगरसभा सदस्य	
१०	श्री विन्द्रा कुमारी बम (सिंह)	नगरसभा सदस्य	
११	श्री मिना रैका (आउजी)	नगरसभा सदस्य	
१२	श्री केशव राज पन्त	नगरसभा सदस्य	
१३	श्री तेज राज पनेरु	नगरसभा सदस्य	
१४	श्री अनिल कुमार	नगरसभा सदस्य	
१५	श्री राज बहादुर ऐर	नगरसभा सदस्य	
१६	श्री मिना मल्ल सिंह	नगरसभा सदस्य	
१७	श्री अन्जु मगराती	नगरसभा सदस्य	
१८	श्री यदु आचार्य	नगरसभा सदस्य	

१९	श्री बुद्धी बहादुर खड्का	नगरसभा सदस्य	
२०	श्री माया कुमारी भण्डारी (साउँद)	नगरसभा सदस्य	
२१	श्री गंगा देवी वि.क.	नगरसभा सदस्य	
२२	श्री भागी राम चौधरी	नगरसभा सदस्य	
२३	श्री श्याम राज बोहरा	नगरसभा सदस्य	
२४	श्री गजेन्द्र शाही	नगरसभा सदस्य	
२५	श्री यशोदा भण्डारी	नगरसभा सदस्य	
२६	श्री माया देवी विश्वकर्मा	नगरसभा सदस्य	
२७	श्री दत्तु राम पाण्डे	नगरसभा सदस्य	
२८	श्री विपिन कटवाल	नगरसभा सदस्य	
२९	श्री भागी राम चौधरी	नगरसभा सदस्य	
३०	श्री रीता मगराती (सार्की)	नगरसभा सदस्य	
३१	श्री महेन्द्र बहादुर थापामगर	नगरसभा सदस्य	
३२	श्री राम बहादुर राना	नगरसभा सदस्य	
३३	श्री मोती राना	नगरसभा सदस्य	
३४	श्री सरस्वती देवी चन्द	नगरसभा सदस्य	
३५	श्री इन्द्रा देवी लोहार	नगरसभा सदस्य	
३६	श्री बासु रानाथारु	नगरसभा सदस्य	
३७	श्री बिके राम खाती	नगरसभा सदस्य	
३८	श्री जुग राम चौधरी	नगरसभा सदस्य	
३९	श्री पार्वती देवी गिरी	नगरसभा सदस्य	
४०	श्री अमृता कामी	नगरसभा सदस्य	
४१	श्री बिष्णु राज जोशी	नगरसभा सदस्य	

४२	श्री सुरेन्द्र राना	नगरसभा सदस्य	
४३	श्री प्रेम वहादुर भण्डारी	नगरसभा सदस्य	
४४	श्री धौली कडायत	नगरसभा सदस्य	
४५	श्री शारदा कुमारी ताम्राकार	नगरसभा सदस्य	
४६	श्री नवराज भट्ट	नगरसभा सदस्य	
४७	श्री लाहानु चौधरी	नगरसभा सदस्य	
४८	श्री शिव कुमार राना	नगरसभा सदस्य	
४९	श्री बसन्ती राना	नगरसभा सदस्य	
५०	श्री रतना देवी दमाई	नगरसभा सदस्य	
५१	श्री कल्लु राना	नगरसभा सदस्य	
५२	श्री राम मिलन राना	नगरसभा सदस्य	
५३	श्री रुप वहादुर कुँवर	नगरसभा सदस्य	
५४	श्री वर्षा शाह (राना)	नगरसभा सदस्य	
५५	श्री चित्रा चौधरी	नगरसभा सदस्य	
५६	श्री तुल्सी राम राना	नगरसभा सदस्य	
५७	श्री लाल व. महत	नगरसभा सदस्य	
५८	श्री सेर वहादुर महरा	नगरसभा सदस्य	
५९	श्री इन्द्र माया तामाङ	नगरसभा सदस्य	
६०	श्री कमला वि.क.	नगरसभा सदस्य	
६१	श्री महेन्द्र खड्का	नगरसभा सदस्य	
६२	श्री काले रावल	नगरसभा सदस्य	
६३	श्री विजय राज जोशी	नगरसभा सदस्य	
६४	श्री सिता देवी राना	नगरसभा सदस्य	

६५	श्री निशा कुमारी आउजी	नगरसभा सदस्य	
६६	श्री लाल वहादुर चौधरी	नगरसभा सदस्य	
६७	श्री हिरालाल राना थारु	नगरसभा सदस्य	
६८	श्री मान वहादुर बिष्ट	नगरसभा सदस्य	
६९	श्री बिन्दु तामाङ	नगरसभा सदस्य	
७०	श्री कृष्णा देवी दमाई	नगरसभा सदस्य	
७१	श्री मान वहादुर खत्री क्षेत्री	नगरसभा सदस्य	
७२	श्री रमेश चौधरी	नगरसभा सदस्य	
७३	श्री चक्र बहादुर नेपाली	नगरसभा सदस्य	
७४	श्री सुख देव राना	नगरसभा सदस्य	
७५	श्री सुस्मा चौधरी	नगरसभा सदस्य	
७६	श्री मंगली सार्की	नगरसभा सदस्य	
७७	श्री दल वहादुर रोकाया	नगरसभा सदस्य	
७८	श्री मन्त्री राना	नगरसभा सदस्य	
७९	श्री रामलाल चौधरी	नगरसभा सदस्य	
८०	श्री शान्ती कुमारी चौधरी	नगरसभा सदस्य	
८१	श्री निर्मला वि.क.	नगरसभा सदस्य	
८२	श्री सन्त कुमार चौधरी	नगरसभा सदस्य	
८३	श्री हरिनारायण राना थारु	नगरसभा सदस्य	
८४	श्री माधव राज राना	नगरसभा सदस्य	
८५	श्री सेहाली देवी चौधरी	नगरसभा सदस्य	
८६	श्री टिकेश्वरी देवी कामी	नगरसभा सदस्य	
८७	श्री राम वहादुर चौधरी	नगरसभा सदस्य	

८८	श्री शिव वहादुर देउवा	नगरसभा सदस्य	
८९	श्री भुवन रिजाल	नगरसभा सदस्य	
९०	श्री रेखा शर्मा	नगरसभा सदस्य	
९१	श्री आशा वि.क.	नगरसभा सदस्य	
९२	श्री कृष्ण राम चौधरी	नगरसभा सदस्य	
९३	श्री देव वहादुर वि.क.	नगरसभा सदस्य	
९४	श्री बाँधु राम चौधरी	नगरसभा सदस्य	
९५	श्री रत्ना देवी चौधरी	नगरसभा सदस्य	
९६	श्री गोमा वि.क.	नगरसभा सदस्य	
९७	श्री लाल वहादुर थापा	नगरसभा सदस्य	
९८	श्री हरेन्द्र वहादुर ऐडी	नगरसभा सदस्य	
९९	श्री रामलाल श्रेष्ठ	नगरसभा सचिव	

निर्णय नं.१:-

धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमालज्यूले पेश गर्नुभएको धनगढी उप-महानगरपालिकाको आगामी आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम को प्रस्ताव सर्वसम्मतले पारित भयो । पारित नीति र कार्यक्रम यस प्रकार रहेको छ । :-

नगर प्रमुख श्री गोपाल हमालद्वारा धनगढी उप-महानगरपालिकाको
नगरसभाको दशौँ अधिवेशनमा प्रस्तुत
आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम

नगर सभाका उपाध्यक्ष महोदय,
नगर सभा सदस्यहरु

१. सर्वप्रथम, यस धनगढी उप-महानगरपालिकाको नगर सभाको दशौं अधिवेशनमा यहाँहरुलाई हार्दिक स्वागत गर्दछु । सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात प्राप्त उपलब्धिका रुपमा स्थानीय सरकार गठन भई स्थानीय तहको दोस्रो निर्वाचन पश्चात दोस्रो तथा धनगढी उप-महानगरपालिकाको दशौँ नगर सभा समक्ष आगामी आर्थिक वर्ष २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुतिको लागि यहाँहरु सामु उपस्थित हुन पाउँदा खुशी लागेको छ ।

२. यस नगर सभाको महत्त्वपूर्ण घडीमा मुलुकको शासन प्रणाली र सामाजिक रुपान्तरणका लागि भएका ऐतिहासिक जनआन्दोलन तथा संघर्षहरुमा आफ्नो प्राण आहुति गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुका साथै शहीद परिवारजनमा उच्च सम्मान प्रकट गर्दछु । मुलुकको सार्वभौमिकता, स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै राष्ट्रिय एकता, लोकतन्त्र, सामाजिक न्याय, समानता, विकास, समृद्धि, सुशासन र समतामूलक राष्ट्र निर्माणको लागि संघर्ष गर्नु हुने जनआन्दोलनका घाइते तथा बेपत्ता नागरिक एवम् अन्य सम्पूर्ण नेपाली नागरिक र नेतृत्व गर्नु हुने आदरणीय अग्रज व्यक्तित्वहरुको योगदानको स्मरण गर्न चाहन्छु ।

३. धनगढी उप-महानगरपालिकाको दशौं नगर सभासम्म आईपुग्दा हामी जनप्रतिनिधीहरुको एक वर्ष कार्यकाल पुरा भएको छ । एक वर्षको अवधिमा हामीलाई जनताले सुम्पिएको जिम्मेवारीलाई इमान्दारीपूर्वक पूरा गर्नका लागि भूमिका निर्वाह गर्दै आईरहेका छौं । अझै पनि आमनगरबासीका चाहना, माग र आवश्यकताहरुको उच्च सम्मान गरी उप-महानगरलाई सुदूरपश्चिम प्रदेशको एक सुन्दर, स्वच्छ र समृद्ध नगर बनाउने अभिभारा हाम्रो काँधमा रहेकै छ ।

४. **"सुख, शान्ति र समृद्धिको शहर: धनगढी नगर"** भन्ने दीर्घकालिन सोच राखी आर्थिक, राजनीतिक, सामाजिक, पर्यावरणीय विकासको लागि **"हाम्रो धनगढी : हामी बनाउँछौं"** भन्ने अभियानका साथ अगाडी बढ्न मन, बचन र कर्मले हाम्रो टिम सदैव प्रतिबद्ध र कटिबद्ध रहनेछ भन्ने विश्वास लिएको छु ।

नगर सभा सदस्यहरु,

५. धनगढी उप-महानगरपालिकाको आर्थिक वर्ष २०७९।८० को वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनमा भएको प्रगति प्रतिवेदन नगर कार्यपालिकाको वार्षिक प्रगति प्रतिवेदनमा समावेश हुने नै छ । म यहाँहरु समक्ष हाम्रो एक वर्षे कार्यकालमा धनगढीबासी समक्ष गरेका बाचाहरु के कति पुरा भए, सो को समिक्षा आम नगरबासीले गर्ने अपेक्षा गर्दै केही महत्त्वपूर्ण कार्यहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

६. मासिक कार्यतालिका तयार गरी प्रत्येक वडामा जनरल फिजिसियन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ डाक्टर सहितको **"निःशुल्क विशेषज्ञ वडा स्वास्थ्य क्लिनिक"** सञ्चालन गरी नगरबासीको घरदैलोमै निःशुल्क स्वास्थ्य परीक्षण, प्रयोगशाला सुविधा, अल्ट्रासाउण्ड सेवा, ईसिजि सेवा, आँखा रोग उपचार सेवा, दन्त रोग उपचार सेवाका साथै निःशुल्क औषधि वितरण गर्ने गरिएको छ । यस कार्यबाट हालसम्म ३३ हजार ५ सय ६६ जना विरामीहरुले निःशुल्क स्वास्थ्य उपचार सेवा प्राप्त गरेका छन् । **"निःशुल्क विशेषज्ञ वडा स्वास्थ्य क्लिनिक"** सञ्चालनका लागि नगर प्रमुखको सुविधाको लागि खरिद गरिएको गाडी स्वास्थ्य शाखालाई हस्तान्तरण गरिएको छ । **"आमा बचाऊ अभियान"** कार्यक्रम अन्तर्गत वडा नम्बर १६, १८ र १९ मा २ वटा एम्बुलेन्सको व्यवस्था गरी गर्भवती तथा सुत्केरी आमाहरुलाई निःशुल्क सेवा प्रदान गर्ने व्यवस्था मिलाईएको छ । डेंगु रोग नियन्त्रणका लागि सबै वडामा महिला स्वास्थ्य स्वयम् सेविका परिचालन गरी लामखुट्टेको बासस्थान पत्ता लगाउने र लार्भा नष्ट गर्ने कार्य गरिएकोछ । शुशील कोइराला प्रखर क्यान्सर अस्पताल, खजुरा, बाँकेसंगको सहकार्यमा धनगढी उप-महानगरपालिका वडा नम्बर ७ बेलीमा रहेको शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा क्यान्सर हेल्थ क्याम्प सञ्चालन गरी उक्त क्याम्प मार्फत २ सय ८१ जनाले सेवा लिनु भएकोमा १८ जना विरामीमा क्यान्सरको लक्षण देखिएकोले थप उपचारका लागि रेफर गरिएकोछ ।

७. यस उप-महानगरपालिकाको आवद्धानमा वडा नम्बर १ कैलाली पुलदेखि वडा नम्बर ८ हुलाकी सडकको शून्य बिन्दुसम्मको मुख्य सडक क्षेत्रभित्र निर्माण गरिएका घरटहराहरु सम्बन्धित घरधनीको सक्रियतामा हटाई सडक विस्तारका लागि सुदूरपश्चिम प्रदेश सरकारलाई अनुरोध गरिएकोमा प्रदेश सरकारबाट सडक विस्तारको काम उप-महानगरपालिकाले तयार गरेको डिपिआर बमोजिम अगाडी बढाई सकिएकोछ । उक्त सडकमा रहेको टेलिफोन एवम् विद्युत लाईन भूमिगत प्रविधिबाट जडान गर्नका लागि नेपाल टेलिकम र नेपाल विद्युत प्राधिकरणसँग आवश्यक पहल गरिएको छ ।

८. स्थानीयबासीको गुनासो सम्बोधन गर्ने क्रममा त्रिनगर माध्यमिक विद्यालय र लक्ष्मीनारायण मन्दिरको बीचबाट वैकल्पिक ग्राभेल सडक विस्तार गरी मुख्य सडकको लक्ष्मीनारायण चोक नजिक लाग्दै आएको यातायात जामलाई न्यूनीकरण गर्ने प्रयास भएकोछ । वर्षातको समयमा सडकमा खाल्डा परी यात्रामा कठिनाई हुन नदिन तत्काल खाल्डा पुर्नका लागि पर्याप्त मात्रामा ग्राभेल संकलन गरी राखिएको छ । उप-महानगर भित्रका सबै वडाका सबै सडकलाई बाह्रै महिना सुचारु गर्नका लागि नगर कार्यपालिकाको आफ्नै टिप्पर तथा ब्याक हो लोडर प्रयोग गरी मागका आधारमा सडक मर्मत कार्य गरिदै आएको छ । छ लेन सडकमा राखिएका कंक्रिटका डिभाईडरका कारण हुने गरेको दूर्घटनालाई न्यूनिकरण गर्न सम्बन्धित सरोकारवालालाई डिभाइडर हटाउन आग्रह गर्दा नहटाईएकाले चौराहा देखि बोराडाँडीसम्मका कंक्रिट डिभाईडरहरु उप-महानगरपालिकाको आफ्नै लगानीमा हटाई व्यवस्थापन गरिएको छ । उक्त छ लेन सडकमा ४ सय ३२ वटा स्मार्ट सडक बत्ती र १० वटा हाई मास्ट बत्ती जडान गर्ने कार्य सम्पन्न गरिएको छ । त्यसैगरी हुलाकी सडकमा ३, बेहडाबाबा र शिवपुरी धाममा एक एक गरी ५ वटा हाई मास्ट बत्ती जडान गरिएको छ ।

९. नयाँ जग्गामा प्लटिङ गरी बस्ती बसाउने प्रयोजनका लागि खोलिएका सडकहरुमा कित्ताकाट पूर्व बर्षातको समयमा निर्वाध रुपमा आवागमन गर्न मिल्ने गरी सडक ग्राभेल र विद्युत लाइन विस्तार गरेपश्चात मात्रै कित्ताकाटको अनुमति दिइने व्यवस्था गरिएको छ।

१०. धनगढी बजारमा रहेको सवारी साधन पार्किङको समस्या समाधान गर्नका लागि हाल वडा नम्बर ४ मा रहेको बसपार्क साँघुरो भइरहेकाले वडा नम्बर ३ को कालिका नगरमा नयाँ बसपार्क निर्माण गर्नका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गर्ने कार्य अन्तिम चरणमा रहेको छ।

११. धनगढी उप-महानगरपालिकाको आर्थिक वर्ष २०८०।८१ देखि २०८४।८५ सम्मको आवधिक योजना तर्जुमा कार्य अन्तिम चरणमा रहेको छ।

१२. वडा नम्बर २ को एस.टि.एस. सिनेमा हल देखि रातो पुल सम्म, छ लेन सडकको रश्मी मेडिकल देखि फन पार्क हुँदै नेपाल भारत सिमाना सम्म र शारदा माध्यमिक विद्यालयको पछाडीको भाग, वडा नम्बर ३ को डिलाशैनी टोल देखि सुधार गृह हुँदै मोहना नदीसम्म, फाप्ला खानेपानी टंकी देखि राजघाट जोड्ने पुलसम्म, बोराडाँडी ६ लेन सडक देखि जनता आधारभूत विद्यालयसम्म, मित्रनगर प्रहरी विद्यालय देखि पश्चिम दक्षिण तर्फको नालासम्मको भाग, वडा नम्बर ४ को बोराडाँडी ब्यारेक देखि कैलाली मोडेल स्कुल पछाडीबाट शिवपुरी सामुदायिक वनसम्म, राष्ट्रिय तुलसीराम माध्यमिक विद्यालय नजिकको कल्भर्टदेखि वडा नम्बर ५ मा रहेको राष्ट्रिय आधारभूत विद्यालयको सिमानासम्म, कैलाली कंक्रिट नजिकको कल्भर्ट देखि भगवती टोलसम्मको भाग, वडा नम्बर ५ को तारानगर पुरानो बाल बिहानी स्कूल देखि तारानगरको शिक्षाका लागि खाद्य कार्यक्रमको कार्यालयसम्म, जाई जाली सडक खण्डको लक्ष्मी पोल्ट्री अगाडी देखि सामुदायिक प्रहरी सम्मको नालाको भागमा खोलानालाको अतिक्रमणलाई हटाउने कार्य गरिएकोछ।

१३. वडा नम्बर ७ को सडुवा बाबा ताललाई अतिक्रमण गरी घर बनाउन हालिएका ५६ वटा पिलर हटाई ताललाई पुरानै अवस्थामा फर्काउने कामको थालनी भएको छ। वडा नम्बर ३ को गढैया तालको अतिक्रमणलाई हटाई पूर्ववत अवस्थामा फर्काउने कार्य गरिएको छ। वडा नम्बर १३ मा निर्माणाधीन रानाथारु संग्रहालयको अतिक्रमण हटाई पर्खाल निर्माण गरिएको छ।

१४. सबै वडाहरुमा सामाजिक परिचालकहरुलाई परिचालन गरी घरबाट उत्पादन हुने फोहोर वर्गीकरण गरी श्रोतमै फोहोर घटाउने र व्यवस्थित रुपमा विसर्जन गर्ने कार्यको सुरुवात भएको छ। फोहरलाई वर्गीकरण गरी व्यवस्थित गर्न टोल विकास समुह तथा सरसफाई समिति गठन गरी सचेतनामूलक कार्यक्रमहरु निरन्तर सञ्चालन भैरहेको छ। बजारमा फोहोर सङ्कलन गरी ढुवानी गर्ने प्रयोजनका लागि गार्वेज कलेक्टर खरिद गरी सञ्चालनमा ल्याइएको छ। निजी साझेदारीमा कार्यक्रम अन्तर्गत फोहोर सङ्कलन गर्ने कार्यको सुरुवात गरिएकोछ। **प्लाष्टिक न्यूनीकरण** अभियानको थालनी गरी पोलिथिन झोलाको बिक्रि, वितरण र प्रयोगमा प्रतिबन्ध लगाइएको छ। सरसफाई प्रवर्द्धन गर्न र प्लाष्टिकको प्रयोग घटाउन सचेतना फैलाउने उद्देश्यका साथ टिकटक प्रतियोगिताको सञ्चालन गरिएको छ। सरसफाई कर्मचारीको कार्यक्षमता बढाउने उद्देश्यले सरसफाईकर्मीहरुलाई ७ दिने क्षमता विकास तालिम सञ्चालन गरिएको छ। मुख्य सडकका आवश्यक स्थानहरुमा कुहिने र नकुहिने फोहोर सङ्कलन तथा व्यवस्थापनका लागि अलग-अलग डस्टबिनको व्यवस्था गरिएको छ।

१५. बजार क्षेत्रमा सार्वजनिक स्मार्ट शौचालयको निर्माणका लागि डिजाइन तयार गर्न सोसाइटी अफ नेप्लीज आर्किटेक्ट (SONA) को प्राविधिक सहयोगमा डिजाइन प्रतिस्पर्धा गराई स्मार्ट शौचालयको डिजाइन छनौट गरी डिजाइन बमोजिम निर्माण गर्ने कार्यको प्रारम्भ गरिएको छ।

१६. धनगढी नगर विकास समिति, जावलाखेल ग्रुप र सुर्य नेपाल प्रा.लि.को सहयोगमा छ लेन सडकको मिडियममा कैलाली भन्सारदेखि उप-महानगरपालिकाको सिमानासम्म तारबारसहित ३ हजार ६ सयभन्दा बढी बोटविरुवा रोपी हरियाली प्रवर्द्धन गर्ने कार्यको सुरुवात गरिएको छ। उप-महानगरभित्र निर्माण भएका कालोपत्रे सडकको सेट ब्याकमा हरियाली प्रवर्द्धन गर्ने कार्यका लागि ट्रिगार्ड (Tree Guard) सहित वृक्षारोपण गर्ने कार्य भैरहेको छ।

१७. उप-महानगर क्षेत्रभित्र काम गर्ने विकास साझेदारहरुबीच एक आपसमा समन्वयको अभावमा विकास निर्माण कार्यले प्रभावकारी रुपमा गति लिन नसकेको र दोहोरो परिरहेको अवस्थालाई हटाउन सङ्घीय संसद र सुदूर पश्चिम प्रदेश सभाका माननीय सदस्यज्यूको उपस्थितिमा सम्बन्धित सरकारका विकास कार्यमा संलग्न निकायबीच समन्वयात्मक बैठक बसी प्रगति समिक्षा गर्दै योजना प्राथिमकिकरण गरी अगाडी बढ्ने परिपाटीको थालनी गरिएको छ। कैलाली तथा कञ्चनपुर जिल्लामा समस्याको रुपमा रहेको सामुदायिक चौपाया व्यवस्थापन, लागू औषध दुर्व्यसनी व्यवस्थापनका लागि साझा योजना बनाई अगाडी बढ्ने उद्देश्यका लागि कैलाली तथा कञ्चनपुर जिल्लाका स्थानीय तहहरुसँग समन्वयात्मक बैठक सम्पन्न गरिएको छ। विभिन्न मितिमा सम्झौता भई समयमै काम सम्पन्न नभएका योजना तथा कार्यक्रमका सरोकारवालासँग भएका पटक पटकका बैठकबाट समस्या पहिचान गरी समाधानका उपायको खोजी गरी अवलम्बन गर्ने प्रयास गरिएको छ।

१८. मिति २०७९ फागुन १९ र २० गते सिटिनेट नेपाल, राष्ट्रिय च्याप्टरको राष्ट्रिय भेला धनगढी उप-महानगरपालिकाको आतिथ्यतामा तथा सिटिनेट नेपाल, राष्ट्रिय च्याप्टर (CNNC) को सहजीकरण संस्था भूकम्प प्रविधि राष्ट्रिय समाज, नेपाल (N-SET), अध्यक्ष, हेटौडा उप-महानगरपालिका तथा महासचिव, तानसेन नगरपालिकाको संयुक्त आयोजनामा काठमाडौं महानगरपालिका, पोखरा महानगरपालिका, विराटनगर महानगरपालिका, भरतपुर महानगरपालिका, विरगञ्ज महानगरपालिका तथा विभिन्न उप-महानगरपालिकाबाट नगर प्रमुख, नगर उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सहयोगी संस्था भूकम्प प्रविधि राष्ट्रिय समाज र नगर विकास कोषका कार्यकारी निर्देशकज्यूको समेत सहभागिता रहेको थियो।

१९. लागू औषध दुर्व्यसनीमा फसेका युवाहरुलाई धनगढी उप-महानगरपालिकाको वडा नम्बर १४ मा रहेको ज्येष्ठ नागरिक भवनमा पुर्नःस्थापना केन्द्र सञ्चालन गर्ने कार्यका लागि नेपाल प्रहरीबाट सञ्चालित आसरा सुधार केन्द्रको सहकार्यमा कार्य गर्ने गरी समन्वय भइरहेको छ।

२०. नगरबासीले भोग्दै आएका विभिन्न विद्युत सेवा सम्बन्धी समस्याको समाधानका लागि सबै वडाका वडा अध्यक्ष र नेपाल विद्युत प्राधिकरणसँग समन्वयात्मक बैठक सम्पन्न गरिएको छ।

२१. उप-महानगरपालिकाबाट २०८० सालमा प्राप्त गर्ने पारिश्रमिकमा अपुग रकम व्यक्तिगत रुपमा थप गरी २०७९ सालको कक्षा ८ को आधारभूत तहको परीक्षामा शुन्य विद्यार्थी उत्तीर्ण भएका सबै सामुदायिक विद्यालयमा १० लाख रुपैयाँ बराबरको शैक्षिक सामग्री सहयोग गर्न नगर प्रमुखबाट घोषणा भएकोछ। आधारभूत तह कक्षा १-८ को स्थानीय पाठ्यक्रम **"हाम्रो धनगढी"** तर्जुमा गरी शैक्षिक सत्र २०८० देखि कार्यान्वयनमा ल्याईएकोछ। आधारभूत तह कक्षा ८ को वार्षिक परीक्षालाई व्यवस्थितरुपमा सञ्चालन गर्ने परिपाटीको विकास गरिएकोछ। नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड

प्रतियोगिता सञ्चालन गरिएको छ । जिल्ला खेलकुद विकास समितिद्वारा यस वर्ष सञ्चालन गरिएको जिल्लास्तरको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सर्वाधिक पदक सहित प्रथम स्थान हासिल गरिएकोछ । आगामी दिनमा विद्यालय शिक्षाको शैक्षिक गुणस्तर अभिवृद्धिमा सुधार ल्याउन जनप्रतिनिधि, नगर शिक्षा समितिका पदाधिकारी, नगर कार्यपालिकाको कार्यालयका कर्मचारी, सामुदायिक विद्यालयका प्रधानाध्यापक एवम् अन्य सरोकारवालाहरु समेतको प्रतिनिधि मण्डलबाट छिमेकी मित्रराष्ट्र भारतको नयाँ दिल्लीका सरकारी विद्यालय एवम् शैक्षिक संस्थाहरुको स्थलगत शैक्षिक अवलोकन भ्रमण कार्य गराई सुधारका लागि सुझावहरु लिने कार्य गरिएको छ ।

२२. त्रिनगर कृषि हाटबजारमा स्थानीय किसानहरुले उत्पादन गरेका कृषि उपजको बिक्री वितरणलाई प्रोत्साहित गर्ने हेतुले कृषक परिचयपत्र वितरण गरी कृषक परिचयपत्र बाहकले मात्र हाटबजारमा कृषि उपज बिक्री वितरण गर्न पाउने व्यवस्था मिलाई उक्त हाटबजारमा यस अघि अन्य बिचौलियाहरुद्वारा हुने गरेका गतिविधिहरुलाई निरुत्साहित गरिएकोछ । वडा नम्बर ६, ७, १० र १५ मा सञ्चालन गरिएका ४ वटा माटो जाँच शिविरबाट ४ सयवटा प्लट जमीनको माटोको नमुना जाँच गरी कृषकहरुलाई माटोको अवस्थाबारे जानकारी गराई उक्त प्लटको जमीनमा प्रयोग गर्नुपर्ने मलखादको मात्रा सिफारिस गरिएको छ । साना सिंचाई सहयोग कार्यक्रम अन्तर्गत कृषक तथा कृषक समूहलाई अनुदानमा बोरिङ, मोटर र पम्पसेट वितरण गरिएको छ । किसान सूचिकरणका लागि वडा नम्बर ९, १५, १६ र १७ मा कृषकहरुको तथ्याङ्क सङ्कलन कार्य सुरु गरिएको छ ।

२३. एक सय ५४ वटा सामुदायिक कुकुरहरुको बन्ध्याकरण गरी व्यवस्थापन गरिएकोछ । सामुदायिक पशु व्यवस्थापनका लागि समुदायसँग सहकार्य गरी वडा नम्बर १६ र १८ मा नयाँ गौशाला निर्माण र वडा नम्बर ७ को देवहरियामा सञ्चालनमा रहेको गौशालामा नियमित चारा, दाना खुवाउने र चराउने प्रयोजनका लागि गोठाला तथा नियमित पशु स्वास्थ्य उपचारका लागि एक जना पशु प्राविधिक मार्फत नियमित पशु स्वास्थ्य जाँच तथा उपचार गरिदै आएको छ । कृतिम गर्भाधान मिसन कार्यक्रम अन्तर्गत ७ सय ८३ वटा गाई, भैसी र बाख्राहरुमा कृतिम गर्भाधान गरिएको छ ।

२४. प्लाष्टिक प्लेटको विकल्प खोज्ने कार्यका लागि रोजगारी सृजना गर्ने उद्देश्य अनुसार १ सय ९२ जनाका लागि दुना टपरी बनाउने तालिम सञ्चालन गरेको छ । हाल तालिम लिएका समुहले उत्पादन गरेका दुना टपरी बजारमा बिक्रि वितरण भइरहेकाले दुना टपरी बनाउने समुहले दुना टपरीबाट आम्दानी गरी जिविकोपार्जन गरिरहेका छन् । प्लास्टिक ब्यागको विकल्पको रुपमा प्रयोग गर्ने फाईबर झोला बनाउने तालिम सञ्चालन गरी रोजगारी सृजना गरिएको छ ।

२५. वडा नम्बर १ को मुटुमा रहेको दशरथ भिम उद्यान र वडा नम्बर १५ कनरीमा रहेको कनरी पार्कलाई स्तरोन्नति गरी व्यवस्थित गर्ने कार्यका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गर्न परामर्शदाता छनौटसम्बन्धी काम अगाडी बढाईएको छ ।

२६. दुई सय १६ जना अपाङ्गता भएका व्यक्तिहरुको स्क्रिनिङ गरिएको र ८७ जना अपाङ्गता भएका व्यक्तिहरुलाई सहायता सामग्री वितरण गरिएको छ । नगरका सबै वडाका १ सय ४२ जना ज्येष्ठ नागरिकहरुलाई धार्मिक भ्रमण अन्तर्गत मुक्तिनाथ दर्शन गराईएको छ ।

२७. सबै वडामा भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोवासीहरुलाई लालपुर्जा वितरण कार्यको लागि जग्गाको नापजाँच कार्य भइरहेको छ । लालपुर्जा वितरणका लागि राष्ट्रिय भूमि आयोग जिल्ला समितिमा सिफारिस गरिएको छ ।

२८. सरोकारवाला निकायको उपस्थितिमा मासिक कार्ययोजना बनाई संयुक्त टोलीद्वारा नियमित बजार अनुगमन गर्ने उपभोक्ता हक हित संरक्षणमा विशेष ध्यान दिइएको छ।

२९. उप-महानगरका सबै वडा कार्यालयहरु, वडा स्वास्थ र शहरी स्वास्थ्य केन्द्रहरुमा कर्मचारी व्यवस्थापन गरिएको छ। उप-महानगरपालिकाको कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापनका लागि तालिम प्राप्त नगर प्रहरी भर्ना गरी परिचालन गरिएको छ।

३०. उप-महानगरपालिकाको आन्तरिक आम्दानी बढाई आत्मनिर्भर बनाउन करका क्षेत्र विस्तार गरिएको छ।

३१. सुशासन कायम राख्ने उद्देश्यले गुनासो सुन्ने र व्यवस्थापन गर्ने कार्यका लागि ह्वाट्सप (WhatsApp) नम्बर र गुनासो व्यवस्थापन कक्षको व्यवस्था गरिएको छ। प्राप्त गुनासोहरुलाई अध्ययन गरी समयमै सम्बोधन तथा व्यवस्थापन गर्ने गरिएको छ। गुनासोहरुलाई सम्बोधन गर्नका लागि नमस्ते मेयर एप (Namaste Mayor App) सञ्चालन भएको छ। टेलिफोन मार्फत आउने गुनासो सम्बोधनका लागि छुट्टै एस.आइ.पि. (SIP) सिस्टम सहितको अडियो रेकर्ड सुविधा भएको टेलिफोन सेवा सञ्चालनमा ल्याइएको छ।

३२. नेपाल नगरपालिका संघद्वारा देशभरका नगरपालिकाहरुमध्ये धनगढी उप-महानगरपालिका **"संस्थागत विकास, सेवा प्रवाह र वित्तीय सुशासनका क्षेत्र"** मा उत्कृष्ट भई सम्माननीय प्रधानमन्त्रीज्यूबाट पुरष्कृत हुन सफल भएको छ।

३३. एक लाख भन्दा बढीको वस्तु तथा सेवा खरिदका लागि सार्वजनिक सूचना जारी गरी प्रतिस्पर्धाको माध्यमबाट वस्तु तथा सेवा खरिद गर्ने कार्यको थालनी गरिएको छ।

३४. अतिक्रमण हटाउनका लागि कार्यालयलाई आवश्यक पर्ने ब्याक हो लोडर तथा नगर प्रहरीका लागि जीप र टिप्पर खरिद गरिएको छ।

३५. सडकमा हुन सक्ने सम्भावित क्षति न्यूनीकरणका लागि ट्राफिक प्रहरी कार्यालयलाई ट्राफिक संकेत (चिन्ह) अंकित बोर्ड र ट्राफिक उपकरण सहयोग गरिएको छ।

३६. नगर स्वास्थ्य नीति २०७९ तर्जुमा गरिएको छ। धनगढी उप-महानगरपालिका नगर शिक्षा ऐन २०७४ को तेस्रो संशोधन ऐन २०७९, धनगढी उप-महानगरपालिका बजार व्यवस्थापन सम्बन्धी ऐन २०७९, धनगढी उप-महानगरपालिका प्लाष्टिक जन्य वस्तु प्रतिबन्ध सम्बन्धी ऐन २०७९, धनगढी उप–महानगरपालिका विद्युतीय रिक्सा र अटो रिक्सा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी ऐन २०७९, धनगढी उप-महानगरपालिका नगर खेलकुद विकास ऐन २०७९ र धनगढी उप-महानगरपालिका छाडा पशु चौपाया नियन्त्रण तथा व्यवस्थापन ऐन २०७९ गरी थप ६ वटा ऐनहरु तर्जुमा तथा संशोधन गरिएका छन्। विशेषज्ञ वडा स्वास्थ्य क्लिनिक सञ्चालन कार्यविधि २०७९, सम्पत्ति कर व्यवस्थापन कार्यविधि २०७९, विषयगत समिति (कार्य सञ्चालन) कार्यविधि २०७९, विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७९, नमस्ते मेयर जनगुनासो सुनुवाई (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७९, आमा बचाऊ कार्यक्रम सञ्चालन कार्यविधि २०७९ गरी ६ वटा थप कार्यविधिहरु तर्जुमा गरिएका छन्। नीति, ऐन तथा कार्यविधिहरुको तर्जुमा कार्यबाट प्रभावकारी रुपमा कार्यसम्पन्न गर्न मद्दत पुग्नेछ।

३७. विपद् न्यूनीकरण तथा उद्धार कार्यका लागि नियमित रुपमा आवश्यक साधन स्रोत सहित नगर प्रहरी परिचालन गरिएको छ। सडक दुर्घटना न्यूनीकरणका लागि बजारका मुख्य सडकमा रहेका अव्यवस्थित ठेलागाडाहरु व्यवस्थित गरी स्थानान्तरण गर्ने कार्य गरिएको छ।

नगर सभा सदस्यहरु,

३८. अब म नगर सभा समक्ष आगामी आर्थिक वर्ष २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका आधार प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- नेपालको संविधानको अनुसूची ८ र अनुसूची ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको नीति तथा निर्देशक सिद्धान्तहरु,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,
- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ का सान्दर्भिक दफा तथा नियमहरु,
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८,
- धनगढी उप-मममहानगरपालिकाबाट जारी गरिएका नीति, कानूनहरु,
- नेपाल सरकार तथा सुदूरपश्चिम प्रदेश सरकारले अङ्गिकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- नेपाल सरकारले अङ्गिकार गरेको पन्ध्रौ आवधिक योजना र सुदूरपश्चिम प्रदेश सरकारले अङ्गिकार गरेको प्रथम पञ्चवर्षिय योजनाले निर्धारण गरेका लक्ष्य, नीति तथा प्राथमिकताहरु,
- नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष ०८०।८१ को बजेट वक्तव्य,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त बजेट र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु,
- उप-महानगरपालिकाको चालु आवधिक योजना,
- राजनैतिक दलहरुबाट प्राप्त सुझावहरु,
- सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझावहरु,
- राजश्व परामर्श समितिको प्रतिवेदन एवम् सिफारिस,
- श्रोत तथा बजेट सीमा निर्धारण समितिको श्रोत तथा बजेट अनुमानहरु,
- बजेट तथा योजना तर्जुमा समितिले दिएका सिफारिसहरु,
- उप-महानगरपालिकाका विभिन्न विषयगत समितिका सिफारिसहरु,
- विगतका वर्षहरुमा सम्पन्न भएका नगर सभा बैठकहरुबाट भएका निर्णयहरु,
- नगर कार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु,
- विभिन्न विषयगत विज्ञहरुसँग छलफल गर्दा प्राप्त सुझावहरु,
- विभिन्न विषयगत शाखाहरुबाट प्राप्त राय-सल्लाह तथा सुझावहरु,
- नेपाल सरकारले प्रतिबद्धता जनाएका दिगो विकासका लक्ष्यहरु,
- धनगढी उप-महानगरपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण प्रतिवेदन,
- धनगढी उप-महानगरपालिकाको मध्यकालिन खर्च संरचना (MTEF) प्रतिवेदन,

- उप-महानगरपालिकाले स्वीकृत गरेका, विभिन्न नीति, ऐन, नियमावली र कार्यविधिहरु,
- नगरबासीका राय, सल्लाह तथा सुझावहरु।

३९. आगामी आर्थिक वर्ष २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रमका प्राथमिकता क्षेत्रहरु निम्न अनुसार रहेका छन्।

- अतिक्रमित सार्वजनिक सम्पत्तिको व्यवस्थापन,
- गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानीमा सर्वशुलभ पहुँच,
- दिगो सरसफाई तथा मानव विकास,
- कृषि उत्पादन, उत्पादकत्व अभिवृद्धि तथा व्यावसायीकरण,
- यूवा, खेलकुद तथा रोजगारी,
- दिगो पूर्वाधार निर्माण तथा विकास,
- आर्थिक विकास तथा राजश्व परिचालन,
- सूचना प्रविधि तथा सञ्चार,
- उद्यम, स्वरोजगारी र सहकारीता,
- मानव संसाधन विकास तथा संस्थागत सुशासन,
- सामाजिक विकास तथा गरिवी निवारण,
- संस्कृति तथा पर्यटन प्रवर्द्धन,
- वन तथा वातावरण संरक्षण एवम् सामुदायिक वनको दिगो उपयोग,
- प्राकृतिक विपद् व्यवस्थापन पूर्व तयारी, पुर्नस्थापना, पुनर्निर्माण, राहत तथा उद्दार कार्य,
- सार्वजनिक सेवा सुविधाको न्यायोचित वितरण तथा सचेतना,
- आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरहरुलाई रोजगारी सिर्जना,
- अशक्त, लागू औषध दुर्व्यसनी, असहाय एवम् आर्थिक रुपले विपन्न गर्भवती महिला, जेष्ठ नागरिक एवम् अपाङ्गता भएका व्यक्तिहरुका लागि राहत।

नगर सभाका सदस्यहरु,

४०. अब म उप-महानगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को समग्र नीति प्रस्तुत गर्न अनुमति चाहन्छु।

(१) उप-महानगरको आर्थिक विकासको क्षेत्रमा उच्चतम् लगानी परिचालन गरी एकीकृत, सन्तुलित, दिगो र योजनाबद्ध विकासका लागि मध्यकालीन खर्च संरचना, लैङ्गिक उत्तरदायी बजेट र दिगो विकासका लक्ष्य स्थानीयकरण सहितको आवधिक योजनाको दूरदृष्टि, लक्ष्य र उद्देश्यलाई आत्मसाथ गर्दै **"हाम्रो धनगढी : हामी बनाउँछौं"** अभियानको कार्यान्वयनमा निरन्तरता दिईनेछ।

(२) गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानी जस्ता आधारभूत सेवामा उप-महानगरबासीको सर्वसुलभ पहुँचको सुनिश्चितता गर्ने नीति लिईनेछ।

(३) प्राथमिकताका आधारमा उप-महानगरको स्थानीय आवश्यकता पहिचान गरी स्थानीय विकास साझेदार निकायहरुसँगको समन्वय, सहकारीता र साझेदारीमा विकासका आयोजना, योजना तथा कार्यक्रमहरु सञ्चालन गरी पूर्वाधार विकास गरिनेछ।

(४) वातावरण तथा जैविक विविधताको संरक्षण गर्दै विपद् व्यवस्थापन एवम् जलवायु परिवर्तनका असरहरु न्यूनिकरण र सामाजिक न्याय तथा सुशासन स्थापित गरी समृद्धि हासिल गर्दै **"बसोबास योग्य हरित सहर - समुन्नत धनगढी उपमहानगर"** को परिकल्पनालाई साकार पार्न नगर विकासका कार्यक्रमहरु प्राथमिकतासाथ सञ्चालन गरिनेछन्।

(५) उज्यालो धनगढी कार्यक्रमलाई निरन्तरता दिने, मुख्य सडकहरुमा साइकल लेन निर्माण गर्ने र सडकको सेटव्याक एवम् खुला क्षेत्रमा वृक्षारोपण गर्ने नीति लिइनेछ।

(६) आर्थिक वर्षको अन्त्य र मध्यतिर योजना एवम् कार्यक्रमहरु परिवर्तन तथा संशोधन गर्ने एवम् बजेट रकमान्तर गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै वित्तीय अनुशासन कायम गर्ने प्रयासलाई निरन्तरता दिइनेछ।

नगर सभा सदस्यहरु,

४१. अब म उल्लेखित नीतिहरु हासिल गर्न क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहन्छु।

क) <u>आर्थिक विकास क्षेत्र:</u>

कृषि प्रणाली तथा पशुपंक्षीपालन व्यवसायको प्रवर्द्धन गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न उन्नत बीउबिजन तथा आधुनिक कृषि प्रविधिको उच्चतम प्रयोग, सहकारीको व्यवसायीकरण, औद्योगिक विकास एवम् पर्यटन प्रवर्द्धनको माध्यमबाट नगरको आर्थिक समृद्धि हासिल गर्न आत्मनिर्भर, दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने नीति लिइनेछ।

<u>कृषि तथा खाद्य कार्यनीति:</u>

४२. बजारमा फूलको बढ्दो मागलाई ध्यानमा राखी पुष्प खेती गर्ने कृषकहरूका लागि तालिम र अनुदानको व्यवस्था गरिनेछ। यसका लागि यस वर्ष वडा नम्बर ६ मा पुष्पखेती प्रदर्शन प्लट तयार गरी पुष्पखेती श्रोत केन्द्र विकास गर्ने र पुष्पखेती सम्बन्धी सबै सेवा प्रवाह एकै स्थानबाट गर्ने नीति लिइनेछ।

४३. प्राङ्गारिक खेतीलाई प्रवर्द्धन गर्न गड्यौला मल तथा जैविक मलको उत्पादन र प्रयोग गर्न प्रोत्साहन गरिनेछ। खेती गर्ने माटोको अवस्था थाहा पाउन र खेती गर्दा प्रयोग गरिने मलखादको मात्रा सिफारिस गर्न माटो परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

४४. सिंचाई सुविधा नभएका कृषियोग्य जमीनमा सिंचाई सुविधा विस्तारका लागि स्यालो ट्युवेल जडान गर्न र आधुनिक प्रविधिबाट चक्लाबन्दी खेती गर्न आधुनिक कृषि यन्त्र, औजार खरीदमा कृषकहरूलाई अनुदान दिने व्यवस्था गरिनेछ। सिंचाईका लागि आर्टिजन बोरिङ निर्माण गर्ने कार्य बन्द गर्ने नीति लिईनेछ।

४५. युवा लक्षित व्यवसायिक कृषि कार्यक्रम एवम् एकल महिला, मुस्लिम महिला, अपाङ्गता भएका महिला, दलित महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, भूमिहिन, जनजाति र मुक्त कमैया परिवारको आम्दानी बढाउन तरकारी खेती, च्याउ खेती तथा मसलाबालीसँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिनेछ।

४६. जग्गा खाली रहने समयमा तेस्रो बाली लगाउने, माटो सुधारका लागि मुङ खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने र प्रयोगमा नरहेको नदीको बगर क्षेत्रमा तरकारी खेती गरी उपयोगमा ल्याइनेछ ।

४७. **"एक वडा एक कृषि उत्पादन"** कार्यक्रमको अवधारणालाई प्रभावकारी रुपमा अगाडी बढाउन एक वडा एक कृषि उत्पादन कार्यक्रम सञ्चालन हुने वडामा एक वडा एक कृषि प्राविधिकको व्यवस्था गरिनेछ ।

४८. तरकारी खेतीमा विषादीको बढ्दो प्रयोग कम गर्न विषादीको प्रयोगबाट हुने नकारात्मक असर, विषादीको सुरक्षित प्रयोगबारे जनचेतनामूलक कार्यक्रम तथा आई.पि.एम. कृषक पाठशाला सञ्चालन गरिनेछ । रोग र किराहरुको स्थलगत रुपमा व्यवस्थापन तथा रोकथाम गर्न बाली उपचार शिविर सञ्चालन गरिनेछ । बजारमा बिक्री गर्न राखेका तरकारीको नमूना सङ्कलन गरी विषादी परीक्षण गर्न नगरस्तरीय प्रयोगशाला स्थापना गरिनेछ ।

४९. कृषिजन्य उत्पादनको बजारीकरणका लागि कृषि थोकबजार, कृषि हाटबजार, कृषि उपज संकलन केन्द्र निर्माण गरी सञ्चालन गर्ने र बजारीकरणका लागि आवश्यक पर्ने सामानहरूमा अनुदानको व्यवस्था गरिनेछ ।

५०. त्रिनगर हाटबजार लगायतका कृषि बजारहरू व्यवस्थित गरी कृषकको पहुँच वृद्धि गर्ने र स्थानीय उत्पादनको बजार सुनिश्चित गर्ने नीति अवलम्बन गरिनेछ ।

५१. खाद्यान्न बालीको बीउ सहजरुपमा उपलब्ध गराउन बीउ उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ र उन्नत बीउ प्रयोगमा प्रोत्साहन अनुदानका साथै स्थानीयस्तरमा सञ्चालनमा रहेका बीउ उद्योगहरूलाई हाइब्रिड बीउ उत्पादन गर्न अनुदानको व्यवस्था गरिनेछ ।

५२. व्यावसायिक तरकारी खेती, फलफूल खेती, बेमौसमी तथा संरक्षित तरकारी खेती कार्यक्रम सञ्चालन गरी आयात प्रतिस्थापन गर्ने नीति लिइनेछ ।

५३. आलुको बीउ उत्पादन र भण्डारणमा अनुदानको व्यवस्था गरिनेछ । उन्नत तथा थारु आलु उत्पादनको लागि आलु उत्पादन पकेट क्षेत्र विकास कार्यक्रम लागु गरिनेछ ।

५४. गहुँ बाली तथा तरकारी उत्पादन पकेट कार्यक्रमलाई निरन्तरता दिदै थप पकेट क्षेत्र पहिचान गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

५५. उन्नत प्रविधिको प्रयोग मार्फत उत्पादन वृद्धि गर्न व्यवसायिक तालिम, गोष्ठी र कृषि भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।

५६. कृषकहरूले लगाएको बालीको क्षतिका कारण हुने जोखिम न्यूनीकरणका लागि कृषि बीमा सम्बन्धी जानकारीमूलक कार्यक्रम व्यापक रुपमा सञ्चालन गरिनेछ । कृषकहरूको तथ्याङ्क अद्यावधिक गरी सोही अनुसार योजना तर्जुमा गर्न कृषक सूचीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५७. स्थानीयस्तरमा सञ्चालित फलफूल तथा तरकारी नर्सरी, च्याउ बीउ उत्पादन प्रयोगशाला, बीउ उत्पादक सहकारी एवम् कम्पनी, जैविक मल, प्राङ्गारिक मल तथा गड्यौले मल उत्पादकलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

५८. उप-महानगर क्षेत्रका सामुदायिक वन उपभोक्तासँगको सहकार्यमा सामुदायिक वन भित्रका खेतीयोग्य खाली जमिनमा जडिबुटी तथा बेसार खेती गर्ने नीति लिइनेछ ।

५९. कृषकहरूले सहज रुपमा समयमै रासायनिक मल प्राप्त गर्ने वातावरण मिलाउन रासायनिक मल वितरक कम्पनी तथा बिक्रेताहरूसँग समन्वय गरिनेछ । रासायनिक मल बिक्रेताहरूको नविकरणका लागि अनुगमन प्रतिवेदनलाई आधार लिने नीति लिइनेछ ।

६०. राष्ट्रिय, अन्तर्राष्ट्रिय गैहसरकारी संस्थाहरुसँग उप-महानगरपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोगी हुने कार्यक्रममा मात्र सहकार्य गरिनेछ।

६१. जलवायु परिवर्तनले कृषि क्षेत्रमा पारेको असर न्यूनीकरण गर्न र स्थानीय आर्थिक विकासमा टेवा पुर्‍याउने खालका कार्यक्रमहरू विकास साँझेदारसँगको सहकार्यमा सञ्चालन गरिनेछ ।

६२. थारु आलुको बीउ संरक्षणको नीति अवलम्बन गरिनेछ।

पशुपंक्षी विकास कार्यनीति :

६३. सामुदायिक चौपायाहरूको व्यवस्थापन, उपचार र भ्याक्सिनेसन कार्यलाई निरन्तरता दिइनेछ। पशुपालक कृषकहरूलाई पशुपंक्षी उपचारको पहुँचमा बृद्धि गर्न हालको सेवालाई आवश्यकताअनुसार अन्य वडामा विस्तार गर्ने नीति लिइनेछ। कुकुरको टोकाईबाट सर्ने रेविज रोग न्यूनीकरण गर्न सामुदायिक कुकुरहरूको जन्मदर नियन्त्रण तथा रेविज रोगविरुद्धको खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६४. उप-महानगर क्षेत्र भित्रका ग्रामिण बस्तिका दलित, महिला, जनजाति, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा विपन्न वर्गलाई लक्षित गरी आय-आर्जनका लागि पशुपालन कार्यक्रम सञ्चालन गरिनेछ।

६५. पशुपंक्षीपालन गर्दा कृषकहरूलाई हुने आर्थिक क्षति न्यूनीकरण गर्न पशुपंक्षी बीमासम्बन्धी चेतनामूलक कार्यक्रमलाई प्रभावकारी ढंगबाट सञ्चालन गरिनेछ। उप-महानगरपालिकाको अनुदानमा सञ्चालन हुने पशुपंक्षीपालन कार्यक्रमका लागि पशु बीमा अनिवार्य गरिनेछ।

६६. पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न पशु नश्ल सुधार कार्यक्रमलाई प्राथमिकता दिइनेछ। पशु नश्ल सुधार कार्यक्रमका लागि कृत्रिम गर्भाधान कार्यको निरन्तरता, क्षेत्र विस्तार, प्राविधिक दक्षतामा वृद्धि र आवश्यक उपकरणको व्यवस्था गरिनेछ। पशुपालन व्यवसायलाई व्यावसायीकरण गर्दै उत्पादन वृद्धि गर्न व्यवसायिक पशुपंक्षी फर्महरूलाई प्रवर्द्धन गरिनेछ।

६७. माछा पालनको क्षेत्र विस्तार तथा नगर क्षेत्रभित्र रहेका प्राकृतिक ताल तलैयाको संरक्षण र व्यवस्थापन गरी माछाको उत्पादकत्व वृद्धि गरिनेछ। उप-महानगरपालिका अन्तर्गत वडा नम्बर ६ को जाली गाउँलाई माछा पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ।

६८. उपभोक्तालाई गुणस्तरीय दुध, माछा र मासु उपलब्ध गराउन पशुजन्य पदार्थको बजार प्रवर्द्धन गरिनेछ।

६९. जैविक विविधताको संरक्षण, संवर्द्धन र विकास गर्ने नीति लिइनेछ।

पर्यटन विकास कार्यनीति:

७०. पर्यटन सेवाबाट प्राप्त हुने लाभ स्थानीय समुदाय र जनतामा पुर्‍याउन ग्रामीण पर्यटकीय क्रियाकलापको विस्तार तथा अभिवृद्धि गरिनेछ। हाल विद्यमान रहेका पर्यटकीय स्थलको स्तरोन्नति गरिनुका साथै नयाँ पर्यटकीय गन्तव्य स्थलको पहिचान गरी सुरक्षित गन्तव्ययुक्त पर्यटन पूर्वाधार विकास गर्दै पर्यटकलाई उपलब्ध गराउने सेवाको सहज पहुँच र बसाईको अवधि लम्ब्याई स्थानीयस्तरमा रोजगारीका अवसरको वृद्धि गरी उप-महानगरबासीको जीवनस्तरमा सुधार गरिनेछ।

७१. उप-महानगरको क्षेत्रमा अवस्थित मन्दिर, गुम्बा, देउधान, भुइयाँ, विहार, मस्जिद लगायतका धार्मिक तथा सांस्कृतिक स्थलहरूमा हुने दैनिक सांस्कृतिक तथा पर्यटकीय गतिविधिलाई स्थानीय रोजगारीसँग आबद्ध गरिनेछ।

७२. बेला धाम ताल, लमही ताल, नथुनिया ताल, कथनिया ताल, जाखौर ताल, तौलाहा ताल, नेतुवा ताल, तिल्के ताल, गढैया ताल, चौफेरी ताल, महादेव ताल, मटकन्ना ताल, नुकुली ताल लगायतका स्थानीय ताल तलैयाहरुमा न्यूनतम पूर्वाधार सहित पर्यटकीय गन्तव्यको रुपमा स्थापित गर्दै तालबाट जमीनभित्र बर्षातको पानीको पुनर्भरण गर्न ताललाई पुरनर्भरण पोखरीको रुपमा विकास गरिनेछ।

७३. पर्यटन प्रवर्द्धनका लागि होमस्टे कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ। भादा होमस्टेलाई आन्तरिक तथा वाह्य पर्यटकको आकर्षक गन्तव्यका रुपमा र जुगेडा गाउँलाई राना थारु होमस्टेको रुपमा विकसित गर्दै लगिनेछ। होमस्टे सञ्चालनका लागि स्थानीय बासिन्दालाई परम्परागत खानपिन, रहनशैली, संस्कृति, पर्यटन सूचना र मौलिकता प्रवर्द्धन जस्ता पर्यटकीय कार्यक्रमबारे अभिमुखीकरण गरिनेछ।

७४. थारु, रानाथारु समुदायको बडघर, भलमन्सा प्रथालाई कानूनी मान्यता दिने नीति लिईनेछ। थारु संग्रहालय, पटेला र रानाथारु संग्रहालय, राजपुरलाई कार्यविधि तयार गरी सञ्चालनमा ल्याइनेछ।

७५. नगरको वृहत साँस्कृतिक अध्ययन गर्ने नीति लिइनेछ। नगरक्षेत्रका धार्मिक पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसारका लागि सूचना हाते पुस्तिका तयार गरिनेछ।

रोजगार प्रवर्द्धन कार्यनीति :

७६. एकिकृत श्रम तथा रोजगारमूलक सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि नमूना रोजगार सेवा केन्द्रको सञ्चालन गरिनेछ।

७७. उप-महानगरपालिकाको रोजगार रणनीति निर्माण गरी स्थानीयस्तरमा रहेका सीप विकास, उद्यमशीलता, रोजगारीको तथ्याङ्क सङ्कलन र विश्लेषण गरी रोजगारीका अवसरको पहिचान गरिनेछ।

७८. वैदेशिक रोजगारीबाट फिर्ता भएका श्रमिकहरूको सीप पहिचान गरी स्वरोजगारमूलक कार्यमा संलग्न गराउन पहल गरिनेछ। साथै, श्रम सम्बन्धलाई प्राथमिकता दिदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि, व्यवसायिक उद्योग, वित्तीय क्षेत्रबाट रोजगारी सिर्जनामा जोड दिइनेछ।

७९. रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरूलाई प्राथमिकताको आधारमा क्रमशः न्यूनतम एक सय दिन बराबरको रोजगारी र पचास दिनको सिपमूलक तालिम प्रदान गरिनेछ।

८०. विपन्न र सिमान्तकृत समुदायका रोजगारी गुमेका व्यक्तिहरूलाई सूचिकृत गरी रोजगारीको प्राथमिकतामा राखिनेछ।

८१. संघ तथा प्रदेशले ल्याएको रोजगारीमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ। आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैर सरकारी क्षेत्रको तथ्याङ्क संकलन गरी समन्वय र सहकार्यमा जोड दिइनेछ।

८२. रोजगार सेवा केन्द्रलाई थप सुदृढीकरण गरी श्रम सूचना बैंकको रुपमा स्थापित गरिनेछ। नगरस्तरीय नियमित विकास निर्माणका योजनाहरुमा आवश्यक श्रमिकहरुको आपूर्तिका लागि रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ।

८३. वैदेशिक रोजगारीबाट फिर्ता आएका श्रमिकहरुको सामाजिक तथा आर्थिक पुनः एकीकरणका लागि उद्यमशीलता विकास, सीपमूलक तालिम तथा अनुदानका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

८४. वैदेशिक रोजगारीमा गएका कामदार तथा तिनका परिवारलाई लक्षित गरी वैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराइने कल्याणकारी सेवा तथा सुविधाहरू धनगढी उप-महानगरपालिका मार्फत उपलब्ध गराइनेछ।

८५. वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित, पारदर्शी र व्यवस्थित गर्न वैदेशिक रोजगार विभाग र श्रम कार्यालयबाट प्रदान गरिदै आएको श्रम स्वीकृति र पुन:श्रम स्वीकृति उप-महानगरपालिकाबाट प्रदान गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

उद्योग कार्यनीति :

८६. गरिबी निवारणका लागि लघु-उद्यम विकास कार्यक्रमबाट संस्कृति जोगाउने सीप हासिल गरी उद्यमी बनेका उद्यमीहरूद्वारा उत्पादित वस्तुहरूलाई कोसेली घर मार्फत बजारीकरण गर्न सहजीकरण गरिनेछ।

८७. लैंगिक हिंसा प्रभावित वा जोखिममा रहेका अति विपन्न, रोजगारी गुमेका र वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुलाई लघु उद्यम विकास मोडेलमा उद्यमी बनाउने कार्यलाई निरन्तरता दिइनेछ।

८८. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग, स्थानीय श्रम तथा सीपमा आधारीत उद्योग र निर्यातजन्य उद्योगका लागि कानून बनाई कर छुटको व्यवस्था गरिनेछ।

८९. लघु उद्यम सञ्चालनका लागि लिइने सिफारिस दस्तुरमा छुट दिइनेछ।

९०. एकल महिला, अपाङ्गता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक र विपन्न महिलाहरूले सञ्चालन गरेका व्यवसायमा विशेष सहुलियत प्रदान गर्ने नीति अवलम्बन गरिनेछ।

९१. नगर उप-प्रमुख उद्यम विकास कोषको स्थापना गरी सिपमुलक कार्यक्रम सञ्चालन गरेका सफल महिला उद्यमी दिदी बहिनीहरुलाई सम्मान गर्ने नीति लिइनेछ।

सहकारी विकास तथा गरिबी निवारण कार्यनीति :

९२. सहकारीलाई उत्पादनमुखी बनाउने नीति अनुरुप सहकारी संस्थाहरुलाई उत्पादन तथा स्वरोजगार कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

९३. सीप हासिल गरी असङ्गठित रुपमा ज्याला मजदुरी गर्ने श्रमिकहरुलाई सहकारीमा आबद्ध गराई आर्थिक उन्नतिमा जोड दिइनेछ।

९४. सहकारी संस्थाका संचालक तथा कर्मचारीहरुको क्षमता विकास र सबलीकरणका कार्यक्रमहरु साझेदारीमा समेत सञ्चालन गरिनेछ।

९५. नयाँ सहकारी संस्था दर्ता गर्नु भन्दा कार्य प्रकृतिका आधारमा एकीकरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

९६. नगर क्षेत्रभित्रका सबै सहकारी संस्थाको व्यवसायिक कारोबार स्थानीय तहमा दर्ता गरी प्रत्येक वर्ष नविकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। नवप्रवर्धनात्मक एवम् सिर्जनात्मक व्यवसायको सुरुवात गर्ने व्यवसायीहरुलाई प्रोत्साहित गरिनेछ।

ख) सामाजिक विकास क्षेत्र :

उप-महानगरबासीको शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षामा सर्वशुलभ पहुँच स्थापित गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी एवम् गैहसरकारी संस्थाहरुसंग सर्वपक्षीय समन्वय, सहकार्य र साँझेदारी गर्दै धनगढीलाई **"स्वस्थ्य शिक्षित र विभेदरहित नगर"** का रुपमा विकसित गर्ने नीति उप-महानगरको मुख्य सामाजिक विकास नीतिको रुपमा रहनेछ।

शिक्षा, युवा तथा खेलकुद विकास कार्यनीति:

९७. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि **"नगर प्रमुख शैक्षिक गुणस्तर सुधार कार्यक्रम"** सञ्चालन गरिनेछ। यसका लागि सरोकारवाला निकायको सहयोग र समन्वयमा **"नगर प्रमुख शैक्षिक सुधार कोष"** स्थापना गरी थप स्रोत जुटाउन पहल गरिनेछ। सामुदायिक विद्यालयको क्षमता विकासका लागि विद्यालयहरुको कलष्टर निर्माण गरी कलष्टर मार्फत कार्यक्रम सञ्चालन गर्ने नीति लिईनेछ। यस आर्थिक वर्षलाई विद्यार्थी सिकाइ उपलब्धी सुधार वर्षका रुपमा मनाइनेछ।

९८. सामुदायिक विद्यालयहरुलाई नगर शिक्षा समितिले निर्धारण गरेको मापदण्डका आधारमा विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि शिक्षण सहयोग अनुदान उपलब्ध गराइनेछ। यस आर्थिक वर्षभित्र धनगढी उप-महानगरपालिकाको शिक्षा कानून बमोजिम सामुदायिक विद्यालयको नक्साङ्कन, समायोजन, तह तथा कक्षा मिलान, शिक्षक तथा कर्मचारी दरबन्दी मिलान एवम् प्रधानाध्यापक व्यवस्थापन कार्य सम्पन्न गरिनेछ।

९९. नेपाल सरकारले तोकेका कक्षासम्मका बालबालिकाहरुलाई विद्यालयमा पठनपाठन भएको दिन दिवा खाजा खुवाउने व्यवस्था मिलाइनेछ। दलित तथा छात्रा विद्यार्थीहरुको संख्या बढी भएका विद्यालयहरुमा नेपाल सरकारले तोकेको कक्षा भन्दा माथिल्ला कक्षामा समेत उप-महानगरको पहलमा दिवा खाजा खुवाउने व्यवस्था थप गर्दै लैजाने नीति लिईनेछ।

१००. बालबालिकालाई कुलतबाट जोगाउन विद्यालय, स्वास्थ्य संस्था परिसर नजिक मादक पदार्थ, चुरोट तथा सुर्तिजन्य पदार्थको बिक्रि वितरणमा रोक लगाउँदै विद्यालय पोशाकमा रहेका विद्यार्थीहरुलाई उक्त पदार्थ बिक्रि वितरण रोक लगाइनेछ।

१०१. विद्यालयस्तरको लेखा प्रणालीलाई चुस्त, दुरुस्त, व्यवस्थित एवम् पारदर्शी रुपमा सञ्चालन गर्न म्यानुअल लेखाप्रणालीलाई प्रतिस्थापन गरेर क्रमश: प्रविधि मैत्री बनाउँदै लगिनेछ।

१०२. आधारभूत तह कक्षा १-८ को स्थानीय पाठ्यक्रम **"हाम्रो धनगढी"** को आधारमा कक्षा १ देखि ८ सम्मका लागि स्थानीय पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ।

१०३. स्थानीय स्तरमा रहेका नवप्रवर्द्धनशील संस्थाहरुको सहकार्यमा नगरक्षेत्र भित्र रहेका प्रतिभाहरुको खोज, पहिचान एवम् विकास गरी त्यस्ता प्रतिभाहरुलाई प्रस्फुटन गर्ने कार्यमा आवश्यक सहकार्य गरिनेछ।

१०४. नगर खेलकुद विकास समितिबाट नगरस्तरमा सञ्चालन हुने तथा यस नगरको प्रतिनिधित्व हुने गरी सहभागिता जनाइने सबै प्रकारका खेलकुद कार्यक्रमहरुलाई व्यवस्थित गरिनेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा नगरको गौरव अभिवृद्धि गर्ने खेलाडीलाई नगरले उचित सम्मान गर्ने व्यवस्था गरिनेछ। नगर प्रमुख तथा नगर उप-प्रमुख खेलकुद प्रतियोगिता कार्यक्रम सञ्चालन गरिनेछ। धनगढी उपमहानगरपालिकाको वडा नम्बर ३ मा रहेको फाप्ला क्रिकेट मैदानलाई सुदूरपश्चिम प्रदेशका सबै स्थानीय तह र क्रिकेट एशोसियसन अफ नेपाल (CAN) सँग समन्वय र सहकार्यमा गरी अन्तराष्ट्रियस्तरको क्रिकेट मैदानका रुपमा विकास गर्दै धनगढीलाई सिटी अफ क्रिकेटको रुपमा विकास गर्न पहल गरिनेछ। धनगढीलाई क्रिकेटको माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउन अन्तर्राष्ट्रियस्तरको क्रिकेट टुर्नामेन्ट सञ्चालन गर्न पहल गरिनेछ।

१०५. पाठ्यक्रममा आधारित क्रियाकलाप तथा अतिरिक्त क्रियाकलापको माध्यमबाट बालबालिकाको अन्तरनिहित प्रतिभा प्रष्फुटनको अवसर प्रदान गरी सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउन अतिरिक्त शैक्षिक क्रियाकलापहरुको सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।

१०६. बालविकास शिक्षक, विद्यालय कर्मचारी, विद्यालय सहयोगी र सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताहरुलाई नेपाल सरकारले तोकेको न्युनतम् मासिक पारिश्रमिकमा नेपाल सरकारबाट उपलब्ध गराईएको रकममा अपुग हुने रकम उप-महानगरको आन्तरिक स्रोतबाट यस आर्थिक बर्षमा पनि उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।

१०७. असहाय, अपाङ्गता भएका र सडक बालबालिकाहरुलाई बसोबासका लागि सञ्चालनमा रहेका छात्रबास एवम् परम्परागत धार्मिक प्रकृतिका अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने संस्थागत विद्यालयहरुलाई अनुदान सहयोग गर्ने नीति लिईनेछ।

१०८. विद्यालयले सञ्चालन गरेको आवास वा विद्यालय बाहिर डेरा गरिबस्नु पर्ने अपाङ्गता भएका विद्यार्थीहरुलाई आवासिय छात्रवृति, अन्य अपाङ्गता भएका विद्यार्थीहरु, आधारभूत तहका सबै छात्रा, आधारभूत तहका सबै दलित छात्र, मुक्त कम्लहरी र विपन्न लक्षित समूहका विद्यार्थीहरुलाई अध्ययनरत विद्यालयहरुबाटै गैरआवासिय छात्रवृति उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। विद्यालय तथा उच्च शिक्षामा अध्ययनरत अपाङ्गता भएका विद्यार्थीहरुको सहायताका लागि डिजिटल सामग्रीहरु (मोबाइल, ट्याब्लेट, ल्यापटप) उपलब्ध गराइनेछ।

१०९. शिक्षक, प्रधानाध्यापक, विद्यालय कर्मचारी तथा शिक्षासम्बद्ध कर्मचारी एवम् पदाधिकारीहरुको क्षमता विकासका लागि प्रविधिमा आधारित तालिम, स्वदेश तथा विदेशका शैक्षिक संस्थाहरुको स्थलगत भ्रमण, कार्यशाला, अनुभव आदानप्रदान कार्यक्रम, रोष्टर समुह गठन तथा परिचालन लगाएतका नियमित कार्यक्रमहरुको सञ्चालन गरिनेछ।

११०. धनगढी पोलिटेक्निक इन्स्टिच्युटको सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ। आगामी दिनमा यस इन्स्टिच्युटलाई आत्मनिर्भर बनाउँदै लगिनेछ। यस इन्स्टिच्युटमा समय सान्दर्भिक रुपमा नयाँ विषयको अध्यापन गर्ने व्यवस्था मिलाउँदै लगिनेछ।

१११. वस्तुनिष्ठ मूल्याङ्कनका विधिहरुको आधारमा सबै प्रकारका विद्यालयस्तरीय तथा नगरस्तरीय परीक्षाहरु व्यवस्थित गरिनेछन्। आधारभूत तह कक्षा ८ को वार्षिक परीक्षालाई नगरस्तरको सिकाइ उपलब्धी परीक्षाका रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

११२. सामुदायिक सिकाइ केन्द्र मार्फत साक्षर महिला समुह गठनका माध्यमबाट आयआर्जनका कार्यक्रम संचालन गरी निरन्तर शिक्षा मार्फत जीवनस्तर वृद्धि गर्ने पहल गरिनेछ।

११३. सामुदायिक विद्यालयका कक्षा एक देखि दशमा अध्ययनरत विद्यार्थीहरुलाई सबै विषयका पाठ्यपुस्तक तथा कक्षा एघार र बाहमा अध्ययनरत विद्यार्थीहरुलाई अनिवार्य विषयका पाठ्यपुस्तक सम्बन्धित विद्यालयमार्फत निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

११४. सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनिटरी प्याडको व्यवस्था गरिनेछ।

जनस्वास्थ्य विकास कार्यनीति:

११५. **"स्वस्थ उप-महानगर-समृद्ध जनता, गुणस्तरीय स्वास्थ्य सेवा-हाम्रो प्रतिबद्दता"** लाई आत्मसात गर्दै आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी तथा गुणस्तरीय बनाउन स्वास्थ्य संस्थाहरुलाई आवश्यक पर्ने पुर्वाधार, औषधि, उपकरण लगायतका अन्य श्रोतसाधन वृद्धि गर्दै प्रविधिमैत्री बनाउदै लगिनेछ।

११६. सबै वडामा मासिक रुपमा संचालन भइ रहेको विशेषज्ञ वडा स्वास्थ्य क्लिनिकमा सेवा विस्तार सहित अझ प्रभावकारी ढङ्गबाट संचालन गर्ने व्यवस्था मिलाईनेछ।

११७. मानसिक स्वास्थ्य सम्बन्धि समस्या समाधानका लागि उपयुक्त कार्यक्रमहरु संचालन गरिनेछन । विद्यालयस्तरमा अध्ययनरत बालबालिकाहरुको साइकोसोम्याटिक स्क्रिनिङ गर्ने कार्यक्रम संचालनमा ल्याइनेछ ।

११८. नगरक्षेत्रलाई शत प्रतिशत संस्थागत सुत्केरी भएको सुनिश्चित गरिनेछ । पुर्व प्रसूति र उत्तर प्रसुती जाँचलाई बढावा दिन बर्थिङ सेन्टर बिस्तार गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

११९. उप-महानगरक्षेत्रमा पूर्णखोपको दिगोपना तथा सुनिश्चितता कायम गरिनेछ । नियमित खोप कार्यक्रम मार्फत संघीय सरकारको सहयोगमा प्राप्त हुने अन्य खोपलाई समेत निरन्तर संचालन गरिनेछ ।

१२०. महिला स्वास्थ्य स्वयंसेविकाले गरेको कार्यको कदर गर्दै हाल पाइरहेको सेवा सुविधालाई समयानुकुल पुनरावलोकन गरी सेवालाई प्रोत्साहित गरिनेछ । महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका कार्यक्रमलाई थप शसक्त र प्रभावकारी पारिदै लगिनेछ ।

१२१. उप-महानगरभित्र सञ्चालनमा रहेका निजी स्वास्थ्य संस्था, औषधी पसल लगायतका स्वास्थ्य संस्थाहरुलाई अनिवार्य स्वास्थ्य संस्था संचालन इजाजत पत्र लिएर मात्रै संचालन गर्ने प्रकियालाई प्रभावकारी रुपमा अगाडी बढाइनेछ । सबै निजी अस्पतालले उप-महानगरको सिफारिसमा आफ्नो कुल शैय्या संख्याको दश प्रतिशत शैय्या संख्या गरिब, असहाय र वेवारिसे नागरिकलाई छुट्याई निःशुल्क रुपमा उपचार गर्नु पर्ने व्यवस्थालाई कडाईका साथ लागू गर्ने नीति लिईनेछ ।

१२२. सरुवा तथा किटजन्य रोगहरुको रोकथाम, विपद व्यवस्थापन पूर्वतयारी र प्रतिकार्य तथा महामारी नियन्त्रणका लागि विपद तथा महामारी व्यवस्थापन कार्यक्रम मार्फत आवश्यक तयारी तथा समुदाय परिचालन लगायतका एकिकृत कार्यक्रम सञ्चालन गरिनेछ ।

१२३. **"उत्कृष्ट स्वास्थ्यकर्मी, सम्मानित संस्था"** कार्यक्रम मार्फत उप-महानगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको कार्य प्रगति, नविनतम पद्धति लगायतका सूचकहरुलाई मापदण्ड बनाई वार्षिक रुपमा स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहन गरिनेछ ।

१२४. **"तँपाईको स्वास्थ्य हाम्रो सरोकार"** अन्तर्गत उप-महानगरवासीको स्वास्थ्यसंग प्रत्यक्ष सरोकार राख्ने दैनिक उपभोग्य वस्तुहरुको आपूर्ति विक्री वितरण तथा गुणस्तरको उचित प्रत्याभूति गरिनेछ ।

१२५. एच.आई.भि. एड्स र हेपाटाइटिस जस्ता सरुवा रोगहरु, जंकफुडको सेवनबाट स्वास्थ्यमा पर्ने नकारात्मक असर सम्बन्धि जनचेतना अभिवृद्धि गर्नका लागि सम्पूर्ण माध्यमिक विद्यालयहरुमा प्रत्येक महिना स्वास्थ्यकर्मीद्वारा स्वास्थ्य शिक्षा कक्षा संचालन गरिनेछ ।

१२६. लागु पदार्थ दुर्व्यसनी न्यूनीकरणका लागि समुदाय तथा विद्यालयस्तरमा जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ । यसका लागि दुर्व्यसनी सम्बन्धी काम गर्ने सरकारी तथा गैहसरकारी संस्थाहरुको सहकार्य र समन्वयमा समेत क्रियाकलापहरु संचालन गरिनेछन ।

१२७. **"एक वडा एक एम्बुलेन्सू कार्यक्रम"** अन्तर्गत एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाउनुका साथै घरैमा हुने सुत्केरीलाई शुन्य पार्नका लागि **आमा बचाऊ अभियान**लाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१२८. स्वास्थ्य बीमालाई थप प्रभावकारी बनाउनका लागि गरिब, असहाय, अपाङ्गता भएका व्यक्ति र विपन्न परिवारहरुको प्रिमियममा सहुलियत गर्ने कार्यक्रम संचालन गरिनेछ ।

१२९. उप-महानगर भित्रका स्वास्थ्य संस्थाहरुमा निःशुल्क रुपमा कम्तिमा पनि पाँच वटा परिवार योजनाका साधनहरु (कन्डम, पिल्स, डिपो, इम्प्लान्ट, आइ.यु.डी) को उपलब्धताको सुनिश्चितता गरिदै लगिनेछ ।

१३०. वास्तविक तथ्यमा आधारित स्वास्थ्य कार्यक्रमको योजना तर्जुमा गर्न र संस्थागत विकासका लागि विभिन्न क्षमता अभिबृद्धि एवम् अनुसन्धानमुलक क्रियाकलापहरु संचालन गरिनेछ।

१३१. आयुर्वेद तथा वैकल्पिक चिकित्सालाई विस्तार गर्दै लगिनेछ। स्थानीयस्तरमा उपलब्ध हुने औषधोपयोगी जडिबुटीको पहिचान र प्रयोगबारे कार्यक्रम संचालन गरिनेछ।

१३२. सिकल सेल, थालासेमिया, अटीजम रोग सम्बन्धि विशेष कार्यक्रमहरु लागु गरिनेछ।

१३३. बृहत पोषण प्याकेज कार्यक्रम मार्फत बहुक्षेत्रीय समन्वय र सहकार्य गर्दै नगरबासीहरुलाई सुपोषित गरिनेछ।

१३४. सार्वजनिक स्थलमा धूमपान गर्न निषेध गर्ने व्यवस्था तथा सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्ने ऐनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने प्रबन्ध मिलाइनेछ।

१३५. शारीरिक, मानसिक र संवेगात्मक स्वास्थ्य प्रवर्द्धनका लागि प्रत्येक वडाका सार्वजनिक स्थलहरुमा नगर योग ध्यान कार्यक्रम सञ्चालन गरिनेछ।

महिला, बाललिका तथा अपाङ्गता क्षेत्र सम्बन्धी कार्यनीति :

१३६. लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति, हानीकारक अभ्यास उन्मूलन नीति र दलित हक अधिकार सम्बन्धी कार्यविधिको प्रभावकारी कार्यान्वयनका लागि उक्त नीतिहरुले तय गरेका कार्ययोजना कार्यान्वयन गरिनेछ।

१३७. बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियालाई लैंगिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउन लैंगिक उत्तरदायी बजेट लगायतका आवश्यक निर्देशिका तयार गरी लागु गरिनेछ।

१३८. लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्यसंग प्रत्यक्ष जोडिएको मानसिक वा मनोसामाजिक स्वास्थ्य सम्बन्धि समुदायस्तरमा सचेतना बृद्धि गर्नका लागि मनोसामाजिक कार्यकर्ता, स्वास्थ्य स्वयंसेविका र टोल विकास समितिका संयोजकहरुको क्षमता अभिबृद्धि गरी परिचालन गरिनेछ।

१३९. समुदायस्तरमा रहेका विभिन्न प्रकारका सामुदायिक संस्था एवम् समुहहरुलाई एकिकृत गरी लैंगिक हिंसा, बालविवाह र हानिकारक अभ्यासहरुको न्यूनीकरणका लागि पुरुष परिचालनको अवधारणा प्रयोग गर्दै मानवीय मूल्य प्रबर्द्धन तालिम र दम्पत्ती सम्बाद तालिम जस्ता प्रभावकारी कार्यक्रमहरुलाई विस्तार गरी आदर्श परिवार र सभ्य समाज निर्माण गर्ने नीति लिईनेछ।

१४०. घरेलु हिंसा कसुर तथा सजाय ऐन, मानव बेचबिखन नियन्त्रण ऐन, अपाङ्गता अधिकार ऐन लगायतका विभिन्न संघीय ऐन मार्फत संरक्षण कार्यका लागि प्राप्त अधिकार प्रयोगलाई सहज बनाउनका लागि यस उप-महानगरपालिकाको एकिकृत ऐन निर्माण गरी हिंसा प्रभावित महिला तथा बालबालिकाहरुका लागि दिर्घकालीन पुन:स्थापना केन्द्र (सेफ हाउस) स्थापना गरी विभिन्न सरोकारवालाको सहयोग र समन्वयमा सञ्चालन गरिनेछ। एकिकृत संरक्षण कोष स्थापना गरी हिंसा पीडित महिला, बालबालिका, ज्येष्ठ नागरिकहरुको लागि सिपमूलक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।

१४१. अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकहरुको प्रत्येक वडामा सञ्जाल निर्माण गरी नियमित सशक्तीकरण गर्दै विकास प्रक्रियामा सहभागिता बढाउन पहल गरीनेछ।

१४२. आर्थिक अवस्था कमजोर भएका, हिंसा प्रभावित, अपाङ्गता भएका र सामाजिक आर्थिक रुपले पछाडी पारिएका वर्गका महिला र लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरुको आर्थिक सशक्तीकरणका लागि उद्धमशीलता विकास तथा प्राविधिक सिप विकास तालिम संचालन गरी स्थानीयस्तरमा रोजगारीमा संलग्न गराईनेछ।

१४३. सार्वजनिक सेवामा महिला र लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको प्रतिनिधित्व बढाउनका लागि लोकसेवा तथा शिक्षक सेवा तयारी कक्षा सञ्चालन गरिनेछ।

१४४. लैंगिक हिंसा निवारण र महिला सशक्तिकरणसंग प्रत्यक्ष जोडिएको महिलाको अंशको अधिकारको प्रयोगलाई अनिवार्य र व्यापक गर्नका लागि जानकारीमूलक क्रियाकलाप सञ्चालन गरिनेछ। सन्तानको रुपमा छोरी मात्र भई अंश र वंशका रुपमा स्वीकार गरेका दम्पतिलाई सम्मान गर्ने नीति लिईनेछ।

१४५. उप-महानगरका सबै वडामा क्रमश: ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र विस्तार गर्दै लगिनेछ। अन्तरपुस्ता सिप हस्तान्तरण मार्फत रानाथारुहरुमा रहेका सिपहरु जस्तै थारु पहिरन, ढकिया जस्ता सिप प्रबर्द्धनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

१४६. नगर बाल सञ्जालको क्षमता विकास गरी सहभागिता प्रबर्द्धन गर्ने नीति लिईनेछ। बालविवाह र बालश्रम निवारणका लागि रणनीतिहरु तयार गरी वडालाई बालमैत्री घोषणा गर्दै उप-महानगरलाई बालमैत्री शासन युक्त बनाइनेछ।

१४७. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको पहुँच अभिबृद्धि गर्न नगरपालिकाको भौतिक संरचना, वेबसाइट र अन्य सूचना सम्प्रेषणका माध्यमहरुलाई पहुँचयोग्य बनाईनेछ। अपाङ्गता सहायक सामग्री वितरणलाई निरन्तरता दिइनेछ।

समाज कल्याण कार्यनीति :

१४८. सामाजिक सुरक्षाको दायरालाई फराकिलो र सडक मानवमुक्त सहर निर्माण गर्ने कार्यका लागि सरोकारवालाहरुसँग सहकार्य गरी कार्य गर्ने नीति लिईनेछ।

१४९. सांस्कृतिक नाचगान, चाडपर्व, खानपान, भाषा, धर्म, रहनसहन, भेषभुषाको माध्यमबाट विभिन्न भाषा, जाति, धर्म, संस्कृतिको जगेर्नाका लागि सांस्कृतिक ग्रामको अवधारणालाई अगाडी बढाइने नीति लिईनेछ।

१५०. सफा र स्वच्छ उप-महानगर बनाउन समुदाय परिचालनको अवाधारणा अनुरुप प्रत्येक टोलमा नागरिक अनुगमन सरसफाई समूह बनाई उक्त समूहलाई आफ्नो टोलको सरसफाइका लागि जिम्मेवार बनाइनेछ। उप-महानगरलाई वातावरण मैत्री नगर घोषणा गर्ने नीति अवलम्बन गरिनेछ।

१५१. बैदेशिक रोजगारलाई सुरक्षित व्यवस्थित र मर्यादित बनाउन संघीय सरकारको समन्वयमा संचालित सुरक्षित आप्रवासन (सामी) कार्यक्रमलाई स्थानीय आवश्यकता अनुसार थप प्रभावकारी बनाईनेछ।

१५२. नगरको सरसफाइ र वातावरणमा प्रतिकुल असर पार्ने धुमपान, मध्यपान, सूर्तिजन्य पदार्थ गुट्खा, खैनी, चिप्स, चाउचाउको जथाभावि प्रयोग तथा खोल फाल्ने बानी व्यवहारलाई निरुत्साहित गर्न सम्बन्धित उद्योगी, व्यापारीहरूसंग समन्वय गरी कार्यान्वयन गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ।

१५३. बहिरा व्यक्तिहरूको भाषा सहजताको लागि दोभाषे सेवाको ब्यवस्थापन गर्ने नीति लिइनेछ।

१५४. ज्येष्ठ नागरिक र भगतहरुको सम्मान स्वरुप मुक्तिनाथ भ्रमण तथा योग कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१५५. सबै वडाहरुमा सामाजिक परिचालन कार्यलाई अझ ब्यवस्थित र प्रभावकारी बनाउने नीति लिइनेछ।

कला, साहित्य, भाषा एवम् संस्कृति प्रवर्द्धन कार्यनीति :

१५६. धनगढीमा बसोवास गर्ने विभिन्न जाति र समुदायको परम्परागत सांस्कृतिक सम्पदाहरुको अध्ययन तथा संरक्षण गरी एक अर्कामा सम्मान, सदभाव र सहिष्णुताको भावना जागृत गराई सामाजिक मर्यादा अभिवृद्धि गरिनेछ।

१५७. नगर क्षेत्र भित्रका ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वका क्षेत्रको खोज, अन्वेषण, संरक्षण तथा विकासमा जोड दिने नीतिलाई निरन्तरता दिइनेछ। नगरको इतिहास, कला, साहित्य, भाषा, संस्कृति, मौलिक परम्परा जस्ता क्षेत्रमा खोज तथा अन्वेषण गर्ने कार्यमा प्रत्यक्ष योगदान पुर्‍याउने संघ सस्था, संचारकर्मी प्रबुद्ध वर्गलाई उप-महानगरबाट उचित सम्मान गरिनेछ।

१५८. बहुल सांस्कृतिक एवम् सम्पदाहरुको संरक्षण, मौलिक संस्कृतिको जगेर्ना, सांस्कृतिक पर्यटन प्रवर्द्धन र सबै समुदायको धार्मिक, भाषिक सञ्चार एवम् सांस्कृतिक मूल्य मान्यताको अभिवृद्धि गर्दै लगिनेछ। थारु तथा रानाथारु समुदायमा प्रचलित गुरुवा, भलमन्सा, बडघर प्रथा, भुईया, देउथान, लगायत संस्कृतिको उचित संरक्षण एवम् प्रवर्द्धन गरिनेछ।

ग) **पूर्वाधार विकास नीति :**

"हाम्रो धनगढी : हामी बनाउँछौं" भन्ने गतवर्षदेखि सुरु भएको अभियानलाई धनगढीवासीहरुको सहयोग र सहकार्यमा यस वर्ष पनि निरन्तरता दिई व्यवस्थित दिगो सुरक्षित पूर्वाधार विकास गर्ने नीति लिइनेछ।

सडक, पुल तथा यातायात व्यवस्था कार्यनीति :

१५९. नगर क्षेत्रभित्रका सडक लगायतका पूर्वाधारहरुको नियमित रुपमा मर्मत सम्भार तथा स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१६०. शहरी सडक निर्माण गर्दा पहिलो प्राथमिकतामा पक्की नाली निर्माण गरी फुटपाथ सहितको शहरी सडक निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१६१. उप-महानगरभित्रका खुल्ला क्षेत्र पहिचान गरी रात्रीकालिन स्ट्रिट फुड जोनका रुपमा विकास गरिनेछ।

१६२. नगर यातायात गुरु योजना (Municipal Transport Master Plan:MTMP) अनुसार प्राथमिकीकरण गरिएका सडकहरुको विस्तार एवम् स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ। विभिन्न सडक सञ्जाल जोड्नका लागि पक्की पुल आवश्यक पर्ने ठाउँहरुमा पक्की पुल निर्माणका लागि नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारसँग आवश्यक पहल गर्ने तथा पैदल मार्गका लागि खोलानाला एवम् नदीहरुमा झोलुंगे पुल निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१६३. पूर्वाधार विकासलाई दिगो र भरपर्दो बनाउन श्रममुलक, वातावरण मैत्री सहभागितात्मक प्रणाली अपनाइनेछ। लागत सहभगिता जुट्ने योजनाहरु मात्र उपभोक्ता समितिबाट सञ्चालन गरिनेछ।

१६४. रणनीतिक सडकहरुलाई ट्राफिक लोड अनुसार डिजाइन गरी साइकल ट्रयाक सहितको सडक निर्माणमा जोड दिइनेछ।

१६५. उप-महानगरपालिका क्षेत्र भित्र र छिमेकी स्थानीय तहहरुसम्म विद्युतीय बस सेवा सञ्चालन कार्यका लागि आवश्यक प्रकृया अगाडी बढाइनेछ।

१६६. दश लाख रुपैयाँसम्म लागत अनुमान भएका योजनाहरुको सम्झौता र अनुगमन गर्ने कार्य वडा कार्यालयबाटै हुने व्यवस्थालाई निरन्तरता दिइनेछ।

१६७. नगरपालिकामा आयोजना बैंक (Project Bank) को स्थापना गरी क्रमश: कार्यान्वयन गर्दै लगिनेछ।

१६८. नगरभित्र सञ्चालन हुने अटो-रिक्साका लागि व्यवस्थित पर्किङ तथा बिशौनीको व्यवस्था गरिनेछ।

१६९. नगर क्षेत्रभित्र निर्माण हुने योजनाहरूको गुणस्तर चेकजाँच गर्नका लागि स्थापना भएको ईञ्जिनियरिङ प्रयोगशाला (Engineering Lab) को स्तरोन्नति एवम् प्राविधिक क्षमता अभिबृद्धि गरिनेछ। उप-महानगरपालिकाद्वारा सञ्चालन हुने

सबै योजनाहरुको गुणस्तर कायम गर्न अनिवार्य रुपमा गुणस्तर परीक्षण प्रतिवेदन पश्चात मात्र भुक्तानी गर्ने व्यवस्था गरिनेछ।

१७०. नगर विकास कोषको ऋण सहयोगमा नयाँ बसपार्क निर्माण कार्यलाई अगाडी बढाइनेछ।

१७१. सार्वजनिक निजी साझेदारी मोडेलमा सञ्चालन गर्ने गरी बहु तले पार्किङ (Muti-Storey Parking) को सम्भाव्यता अध्ययन गरिनेछ।

१७२. शहरी पूर्वाधार संरचना निर्माण तथा संचालनमा निजी लगानी आकर्सित गर्न डिजाइन बिल्ट ओन अपरेट एण्ड ट्रान्सफर तथा बिल्ट ओन अपरेट एण्ड ट्रान्सफर (DBOOT/ BOOT) मोडेल अवलम्बन गरी परियोजना कार्यान्वयन गर्ने नीति लिइनेछ।

१७३. शहरी पूर्वाधार निर्माण गर्दा लागत सहभागितालाई प्राथमिकता दिई ५०:५० को अवधारणा अनुरुप कार्यान्वयन गरिने नीति लिइनेछ।

१७४. सम्झौता अगावै गुणस्तरीय निर्माणका कार्य गर्ने निर्माण कम्पनी तथा निर्माण व्यवसायीलाई पुरष्कृत गर्ने र समयमा काम सम्पन्न नगर्ने निर्माण कम्पनी तथा निर्माण व्यवसायीलाई दण्ड जरिवाना गरी कालोसूचीमा राख्न सिफारिस गरिनेछ।

१७५. उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाका उपभोक्ता समितिलाई योजना निर्माण पूर्वको तालिम लिए पश्चात मात्र योजना सम्झौता र योजना कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ।

१७६. मुख्य-मुख्य शहरी सडकहरूमा साइकल लेन निर्माण गरिनेछ।

१७७. निर्माणसम्पन्न सडक, पुल, भवन तथा सार्वजनिक शौचालयहरुका लागि आवधिक मर्मत-सम्भार कार्ययोजना तयार गरी मर्मत सम्भार गरिनेछ।

१७८. उपभोक्ता समितिमार्फत निर्माण हुने आयोजनाहरुमध्ये तटबन्धन एवम् कालोपत्रे/पक्की सडक निर्माण तथा मर्मत कार्यमा लागत साझेदारीको अनुपात ८०:२० रहने, ग्राभेल/माटो फिलिङ तथा सामुदायिक भवन र मन्दिर निर्माण जस्ता कार्यमा जनसहभागिताको लागत साझेदारीको अनुपात ७०:३० रहने र ईट्टा, ढुंगा वा कंक्रीटबाट भवन/पर्खाल निर्माणमा जनसहभागिताको लागत साझेदारीको अनुपात ९०:१० रहने गरी योजना निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

भवन, आवास, वस्ती विकास तथा शहरी विकास :

१७९. घर तथा भवनको नक्सा पास गर्दा साइट प्लानमा उल्लेख भएको सडक क्षेत्राधिकार (Right of Way) र सेट व्याक अनुसार बाउन्ड्री वाल सहितको नक्सा पास गर्ने व्यवस्था लागू गरिनेछ। त्यसरी नक्सा पास गर्दा भवनहरुमा नवीकरणीय उर्जा प्रविधि, वर्षातको पानी संकलन प्रविधि (Rain Water Harvesting) तथा उर्जा दक्षता प्रविधि, अग्नि नियन्त्रण एवम् विद्युतीय सुरक्षा सामग्री जडानका साथै कम्तिमा दुईवटा बोटविरुवा रोप्नु पर्ने व्यवस्था अवलम्बन गर्ने नीति लिईनेछ।

१८०. एकीकृत भू-उपयोग नीति अन्तर्गत नगर भित्रका सार्वजनिक, सरकारी, प्रति जग्गाको अभिलेखीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१८१. भवन तथा योजना निर्माण मापदण्ड, २०७४ लाई परिमार्जनसहित पूर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ।

१८२. नक्सा पास सम्बन्धी विद्युतीय प्रणाली (Electronic Building Permit System) लाई थप सुधार गर्दै लगिनेछ।

१८३. राष्ट्रिय भवन संहितालाई पुर्णरुपमा कार्यान्वयनमा ल्याइनेछ।

१८४. शिशु स्तनपान कक्ष, अपांगमैत्री र बालमैत्री भवन निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१८५. क्षेत्रीय शहरी विकास आयोजना (RUDP) को प्राविधिक सहयोगमा जग्गा विकास कार्यक्रम (Land Pooling System) लाई अगाडी बढाइनेछ।

१८६. उपयुक्त स्थानको पहिचान गरी हाउस पुलिङ (House Pooling) कार्यका लागि सम्भाव्यता अध्ययन गरिनेछ।

१८७. नगर क्षेत्रभित्र सञ्चालन हुने घर जग्गा खरिद बिक्री व्यावसायलाई व्यवस्थित गर्न आवश्यक कार्यविधि निर्माण गरी लागू गरिनेछ ।

१८८. भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली, २०७८ बमोजिम भू-उपयोग नक्सा अध्ययन गरी भूमि क्षेत्रको वर्गीकरणलाई प्राथमिकता सहित निरन्तरता दिइनेछ।

१८९. भूमिको संरक्षण र सम्वर्द्धनका लागि भूमि खण्डीकरणमा रोक लगाउदै कृषियोग्य जमिनको संरक्षण गरिनेछ।

१९०. कृषि क्षेत्र तोकिएका क्षेत्र बाट माटो उत्खनन गरी बिक्रिवितरण गर्ने कार्यमा पुर्णरुपमा रोक लगाइनेछ।

१९१. सम्पति व्यवस्थापन प्रणाली पूर्णरुपमा कार्यान्वयन गरिनेछ।

१९२. विद्यालयहरुमा विद्यालय भवन, शौचालय, खेलकुद मैदान लगायतका पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

१९३. उप-महानगर क्षेत्र भित्रका सार्वजनिक स्थानहरुमा हरियाली बगैंचा, क्याफे सहितको स्मार्ट शौचालय (SMART Toilet) निर्माण गर्दै लगिनेछ। निजी क्षेत्रसँगको सहकार्यमा सार्वजनिक र घुम्ती शौचालयको निर्माण तथा सञ्चालन गर्ने प्रबन्ध मिलाइनेछ।

१९४. पानी निकासका लागि आवश्यक स्थानमा हुम पाईप एच. डी. पि. ई. कोरफिट पाइप जडान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१९५. सार्वजनिक जग्गा, खोला, नाला, कुलो तथा तालहरुमा भएको अतिक्रमण हटाई संरक्षण तथा व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता दिइनेछ। खोला, ताल किनारमा तटबन्ध निर्माण गर्न जमिनभित्र पानीको पुनर्भरण र बहाबको सुनिश्चतता पश्चात मात्र निर्माण गर्ने नीति लिइनेछ ।

१९६. उप-महानगरभित्र बन्ने घरहरुलाई भूकम्प प्रतिरोधात्मक बनाउने उद्देश्यले भवन निर्माण कार्यमा संलग्न भूकम्प प्रतिरोधात्मक भवन निर्माण सम्बन्धि तालिम लिन बाँकी डकर्मीहरुका लागि तालिम सञ्चालन गरिनेछ।

१९७. उप-महानगर भित्र निर्माण हुने घरहरुमा गुणस्तर कायम गर्न र भूकम्प प्रतिरोधात्मक भवन निर्माण गराउन घरधनीले सुपरभिजन गर्ने प्रयोजनका लागि अनिवार्य रुपमा तालिम प्राप्त ईञ्जिनियरको व्यवस्था गर्न लगाउने नीति लिइनेछ। सुपरभिजन गर्ने प्राविधिकको सिफारिसमा मात्र निर्माण सम्पन्न र माथिल्लो तलाको निर्माण इजाजत दिने व्यवस्था गरिनेछ।

१९८. भवन निर्माण गर्दा भवनको स्वामित्वकर्ताले निर्माण अवधि सम्म उप-महानगरपालिकाले दिएको निर्माण अनुमति पत्र र स्वीकृती पत्र निर्माण स्थलमा प्रष्ट देखिनेगरी राख्नुपर्ने व्यवस्था लागु गरिनेछ।

१९९. उप-महानगर क्षेत्र भित्रका खोला, नाला किनारमा फुटपाथ र साइकल ट्रयाक सहितको ग्रिन वेल्ट निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ। उप-महानगर क्षेत्र भित्रका शिवपुरी धाम, जाखौर ताल हुँदै बेहडा बाबा मन्दिर जोड्ने धार्मिक पर्यटकीय करिडोरमा साइकल ट्रयाक निर्माण गर्ने कार्यका लागि सम्भाव्यता अध्ययन गरिनेछ।

२००. नगर क्षेत्रभित्र रहेका दशरथ भिम उद्यान, कनरी पार्क, चाँदनी पार्क र गौमती पार्क लगायत पार्कहरुलाई आधुनिक पार्कको रुपमा स्तरोन्नती गरिनेछ।

सूचना तथा सञ्चार कार्यनीति :

२०१. सूचना तथा सञ्चार र प्रविधिमा सबै नगरबासीहरुको पहुँच अभिवृद्धि गर्दै नेटवर्क कनेक्टिभिटी (Network Connectivity) लाई थप व्यवस्थित गरिनेछ । उप-महानगर अन्तर्गतका संस्थागत निर्णय र कागजातहरू व्यवस्थित गर्नका लागि इलेक्ट्रोनिक डकुमेन्ट म्यानेजमेन्ट सिस्टम (Electronic Document Management System) प्रयोग गरी विभिन्न कागजातहरुलाई प्रभावकारी तरिकाले सुरक्षित राख्ने व्यवस्था मिलाइनेछ ।

२०२. धनगढी उप-महानगरपालिकामा भित्र ई-पुस्तकालय (E-Library) को स्थापना गरी यस क्षेत्रका सरकारी विद्यालयमा अडियो बुक्स सहित फ्री इ-लर्निङका लागि व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ । सार्वजनिक निजी साझेदारी (PPP) को अवधारणा बमोजिम अध्ययन, अनुसन्धान र परामर्श केन्द्रको (Incubation Center) स्थापना गर्न पहल गरिनेछ ।

२०३. सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत सेवा प्रवाहलाई प्रभावकारी बनाउन नगर विद्युतीय सुशासन गुरु योजना (Municipal E-Governance Master Plan) निर्माण गरी लागू गरिनेछ ।

२०४. नगरको श्रोत नक्साङ्कन जि.आइ.एस. म्यापिङ (GIS Mapping) कार्यलाई अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ ।

२०५. खुला डाटा (Open Data) को अवधारणा अनुरुप सूचना तथा तथ्याङ्कहरुलाई विभिन्न माध्यमबाट विश्लेषण गर्न सकिने स्वरूप ओपन फर्मेट (Open Format) मा उपलब्ध गराउने व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।

२०६. कार्यालयका सबै सूचना, तथ्यांक र प्रगति व्यवस्थापन गर्न एकीकृत सूचना तथा तथ्याङ्क व्यवस्थापन प्रणाली (Integrated Information and Statistics Management System) को सुरुवात गरिनेछ । हाल सञ्चालनमा रहेको पूर्वाधार व्यवस्थापन प्रणाली (Infrastructure Management System-IMS) लाई एकीकृत पूर्वाधार व्यवस्थापन प्रणाली (Integrated Municipal Management System-IMMS) मा रुपान्तरण गरी सञ्चालन गरिनेछ ।

२०७. उप-महानगरको वस्तुस्थिति झल्किने गरी नगर पाश्र्वचित्र (Municipal Digital Profile) बनाउन वडास्तरबाट नै सूचना तथा तथ्यांक अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ ।

२०८. उप-महानगरका अत्यावश्यक सवारी साधनहरु एम्बुलेन्स, अग्नि नियन्त्रक वाहन, शव वाहन लगायतमा जि. पि. एस. (GPS) जडान गरी केन्द्रीकृत जि. पि. एस. अनुगमन प्रणाली (Centralized GPS Monitoring System) लागु गरिनेछ ।

२०९. उप-महानगर क्षेत्रमा खोज अनुसन्धानमूलक एवम् रचनात्मक सुझाव उपलब्ध गराउने पत्र पत्रिका, पत्रकार तथा सञ्चार क्षेत्रलाई प्रोत्साहन गर्ने नीति लिइनेछ । साथै यस क्षेत्रमा संलग्न छापा तथा विद्युतीय माध्यमका कार्यरत जनशक्तिको क्षमता विकासका लागि आवश्यक पहल गरिनेछ ।

२१०. डेटाबेस (Database) लाई आधार मानी योजना तर्जुमा गर्ने नीति अवलम्बन गरिनेछ ।

२११. उप-महानगरको नगर प्रोफाईललाई समसामयिक रुपमा अद्यावधिक गर्ने नीति अवलम्बन गरिनेछ ।

२१२. उप-महानगर क्षेत्रभित्र सञ्चालित सबै प्रकारका आर्थिक प्रतिष्ठानहरुको व्यवस्थित तथ्याङ्क अभिलेख राख्ने नीति अवलम्बन गरिनेछ ।

२१३. नगर कार्यपालिकाको कार्यालय लगायत मातहतका कार्यालयद्वारा प्रदान गरिने सेवालाई थप प्रभावकारी र प्रविधि मैत्री बनाउन नीति अपनाई हाल वडा नम्बर ३, ११, १६ र १८ मा भईरहेको डिजिटलाइजेशन कार्यक्रमलाई अन्य वडा

कार्यालयहरुमा समेत विस्तार गरिनेछ । डिजिटल इनिसियटर (Digital Initiator) लाई मोबाइल आई. टि. सपोर्ट टिम (Mobile IT Support Team) का रुपमा परिचालन गर्ने नीति लिईनेछ ।

जलस्रोत, विद्युत तथा बैकल्पिक उर्जा कार्यनीति :

२१४. उप-महानगर क्षेत्रका प्रमुख तथा आर्थिक क्रियाकलाप हुने स्थानहरुमा नेपाल विद्युत प्राधिकरण, राष्ट्रिय सडक बत्ती प्रर्वद्धन आयोजनासँगको सहकार्यलाई निरन्तरता प्रदान गरी नगरमा आधुनिक किसिमका स्मार्ट स्ट्रिट लाइट (Smart Street Light) र हाई मास्ट लाईट जडान कार्यलाई निरन्तरता दिइनेछ ।

२१५. विद्युत सेवा नपुगेका टोल बस्तीहरुमा विद्युत विस्तारका लागि नेपाल विद्युत प्राधिकरणसँगको साझेदारीमा विद्युत लाइन विस्तारको कार्यक्रम अगाडी बढाइनेछ ।

२१६. वातावरण प्रदुषण नियन्त्रणका लागि पेट्रोलियम पदार्थबाट चल्ने सवारी साधनलाई निरुत्साहित गरी इलेक्ट्रिक सवारी साधनको प्रयोगलाई बढावा दिन नेपाल विद्युत प्राधिकरणसँग सहकार्य गरी नगरका विभिन्न स्थानहरुमा इलेक्ट्रिक सवारी साधन चार्ज गर्नका लागि चार्जिङ स्टेसन (Charging Station) निर्माण गरिनेछ ।

२१७. पेट्रोलियम पदार्थमा वर्षेनी राज्य कोषबाट बाहिरिने मुद्रालाई रोक्न पेट्रोलियम पदार्थबाट चल्ने सवारी साधनलाई निरुत्साहित गर्न कार्यालयको प्रयोजनका लागि प्रयोग गरिने सवारी साधन खरिद गर्नुपर्ने भएमा विद्युतीय सवारी साधन खरिद गर्ने नीति लिइनेछ ।

२१८. विद्युतबाट हुनसक्ने सम्भावित दुर्घटना तथा आगलागीबाट बच्न जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

घ) वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र:

स्वच्छ, सफा, सुन्दरताले भरिपूर्ण हरित नगरका रुपमा उप-महानगरलाई स्थापित गर्नका लागि सार्वजनिक निजी क्षेत्रसंगको साँझेदारीमा वन, वातावरण विकास तथा विपद् व्यवस्थापन गर्ने नीति लिईनेछ ।

वन, वातावरण तथा विपद् व्यवस्थापन कार्यनीति :

२१९. उप-महानगरका साँघुरा सडकका कारण हुने विपद्को जोखिम न्यूनीकरण गर्न दमकल तथा एम्बुलेन्स प्रवेशका लागि सहज बनाउन सडक फराकिलो पार्ने नीति अपनाइनेछ ।

२२०. उप-महानगरभित्र सञ्चालनमा रहेको आपतकालीन कार्य सञ्चालन केन्द्रलाई थप व्यवस्थापन गरी भुकम्प प्रतिरोधात्मक भवन निर्माण गरी सुदृढ गर्दै लगिनेछ । वारुणयन्त्र इकाईलाई समय सान्दर्भिक रुपमा सुदृढीकरण गर्नका लागि क्षमता विकास तालीम सञ्चालन गरिनेछ ।

२२१. मानवीय र प्राकृतिक विपद्का कारण घट्न सक्ने सम्भावित घटनालाई लक्षित गरी विपद् पूर्व तयारीका लागि सञ्चार माध्यमहरुबाट सन्देशमूलक सुचना तथा जानकारी सम्प्रेषण गरिनेछ ।

२२२. वडा कार्यालयबाट विपद् पुर्व तयारीका लागि सिफारीस भई आएका खुला स्थानहरुका साथै सम्पूर्ण वडाका जोखिमका क्षेत्रहरु पहिचान गरी नक्साङ्कन गर्ने नीति अपनाइनेछ ।

२२३. मानवीय र प्राकृतिक कारणबाट घट्न सक्ने सम्भावित घटनालाई लक्षित गरी विपद् पूर्वतयारी, खोज तथा उद्धार एवम् प्राथमिक उपचारका लागि स्वयम्सेवकहरु तयार गरी क्षमता विकास गर्ने नीति अपनाइनेछ।

२२४. हाल नगरका पुराना शाखा तथा उपशाखा सडकहरु उप-महानगरपालिकाको मापदण्ड अनुरुप निर्माण भइनसकेका कारणले आगलागी जस्ता घटना हुँदाका बखत सोको नियन्त्रणका लागि सम्बन्धित स्थानमा दमकल प्रवेश गर्न नसकी जनधनको क्षती व्यहोर्नु पर्ने अवस्था सृजना हुने भएकाले नगरबासीको हितलाई मध्यनजर गरी आगलागी नियन्त्रणमा लिनका लागि पोटेबल बुस्टर पम्प (Portable Booster Pump) खरीद गरी उद्धार सेवा प्रदान गरिनेछ।

२२५. विपद्सँग सम्बन्धित विभिन्न कार्यविधि अन्तर्गत राहत मापदण्ड, खरीद मापदण्ड, विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना, व्यवसाय निरन्तरता योजना, विपद् व्यवस्थापन स्वयम्सेवक व्युरो गठन तथा परिचालन कार्यविधि जस्ता मापदण्ड/कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ।

२२६. उप-महानगर अन्तर्गत रहेका नगरस्तरीय तथा वडास्तरीय विपद् व्यवस्थापन समितिका सम्पूर्ण सदस्यहरुलाई विपद् पुर्व तयारी तथा प्रतिकार्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी क्षमता विकास गरिनेछ।

२२७. सबै वडाहरुमा अनिवार्य रुपमा विपद् व्यवस्थापन कोष स्थापना गरिनेछ।

२२८. मोहना, खुटिया र घुरही नदीको तटीय क्षेत्रमा कटान रोकथाममा सहयोग गर्न वेतबाँस र अग्रिसो जस्ता झाडिदार विरुवा रोप्ने कार्यलाई प्राथमिकता दिइनेछ।

२२९. विपद् पुर्व तयारी तथा प्रतिकार्यको क्षमता अभिवृद्धिका लागि विभिन्न समयमा कृत्रिम घटना अभ्यास कार्यक्रम सञ्चालन गरिनेछ।

२३०. उप-महानगरअन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्पुर्ण संकटासन्न वर्गको ठेगाना पहिचान गरी नक्साङ्कन गर्नका लागि अभिलेख तथा डेटावेसमा ठेगाना अनिवार्य गर्ने नीति अपनाइनेछ।

२३१. जलवायु परिवर्तनबाट हुने प्रभाव न्युनीकरणका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२३२. नीजि, कृषि तथा शहरी वन प्रवर्द्धन गर्नका लागि सामुदायिक उत्तरदायित्व बहन गराउन विभिन्न सरोकारवालासँग नियमित वैठक आयोजना गरी कार्यक्रमहरु अघि बढाइनेछन्।

२३३. वन क्षेत्र अतिक्रमण न्युनीकरण तथा रोकथामका लागि नियमित अनुगमन गर्ने, सबै सामुदायिक वनले आफ्नो वार्षिक कार्यक्रम नगरपालिकाबाट अनुमोदन गराउने र सामुदायिक वनबाट प्राप्त राजश्वलाई वन विकास, संरक्षण, दिगो जीविकोपार्जन, क्षमता अभिवृद्धिका साथै सुशासन जस्ता कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने नीति लिईनेछ।

२३४. उप-महानगरअन्तर्गत रहेका सामुदायिक वनलाई उचित निती अपनाई करको दायरामा ल्याइनेछ।

२३५. उप-महानगर क्षेत्र अन्तर्गत रहेका सार्वजनिक बाटो वा सामुदायिक विद्यालय क्षेत्रमा जोखिमको रुपमा रहेका रुखहरु कटान तथा व्यवस्थापनका लागि समन्वयात्मक नीति अपनाइने छ।

२३६. मानव तथा वन्यजन्तुबीचको द्वन्द व्यवस्थापनका लागि आवश्यक नीति अपनाइनेछ।

२३७. उप-महानगर सम्पूर्ण वडाहरुमा विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यका लागि स्वयंसेवक उद्धार समूह (Emergency Rescue Team) गठन तथा व्यवस्थापनका लागि आवश्यक नीति अपनाइनेछ।

खानेपानी तथा सरसफाई कार्यनीति:

२३८. नगरको खानेपानी समस्यालाई सम्बोधन गर्न नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारसँग समन्वय र सहकार्यलाई निरन्तरता दिइनेछ। खानेपानी आयोजनालाई समयमै सम्पन्न गर्न सहजीकरण गरिनेछ। खानेपानीको चरम अभाव तत्काल समाधान गर्न विगतमा नगरले लगानी गरी बनाएका बोरिङहरुलाई वितरण प्रणालीमा जडान गर्न खानेपानी संस्थानसँग समन्वय र सहकार्य गरिनेछ।

२३९. खानेपानी तथा सरसफाई उपभोक्ता संस्था एवम् समितिहरुलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइनेछ।

२४०. उप-महानगरभित्र खानेपानी वितरण प्रणालीलाई सुदृढ बनाई नगरबासीलाई स्वच्छ खानेपानी उपलब्ध गराइनेछ। साथै, खानेपानीको शुद्धता परीक्षण गरिनेछ।

२४१. नगरको सरसफाई व्यवस्थापनमा सामुदायिक संघसंस्था, स्वयंसेवी अभियन्ताहरु एवं निजी क्षेत्रलाई उत्प्रेरित गरिनेछ।

२४२. उप-महानगरको एउटा वडा छनौट गरी वातावरण स्थानीय शासन प्रारूप, २०७८ अनुसार वातावारणमैत्री बनाउन विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

२४३. कन्ज्युमर डेटाबेस सिस्टम (Consumer Database System), सोलिड वेस्ट म्यानेजमेन्ट इन्फरमेसन सिस्टम (Solid Waste Management Information System -SWMIS) तयार गरिनेछ।

२४४. विद्यालय छनौट गरी शून्य फोहोरको अवधारणा अनुसार विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ। फोहोर व्यवस्थापन सम्बन्धमा विद्यालय तह देखि नै व्यावहारिक शिक्षा लागू गरिनेछ।

२४५. प्रविधिमा आधारित फोहरमैला व्यवस्थापन प्रणाली उपयोग गरी उप-महानगरको फोहरमैला (Municipal Solid Waste) को दिगो व्यवस्थापन गरिनेछ। यसका लागि आवश्यक अध्ययन, स्थापना, प्राप्ति, प्रविधि पहिचान, सोको अनुसन्धान विकास र संचालन कार्य गर्न छुट्टै एक परियोजना गठन गरी जिरो वेस्ट (Zero Waste) को अवधारणा कार्यान्वयन गर्ने नीति लिइनेछ।

२४६. जैविक फोहरबाट घरमै कम्पोस्ट मल बनाउन प्रेरित गर्दै प्लास्टिकजन्य पदार्थको प्रयोगलाई निरुत्साहीत गरिनेछ। नगर भित्रको फोहोर प्रशोधन केन्द्रका लागि क्षेत्रीय शहरी विकास आयोजनाको सहयोगमा निर्माण कार्यलाई अगाडी बढाइनेछ।

ङ) **संस्थागत सुशासन तथा जनशक्ति विकास नीति:**

सार्वजनिक सेवालाई उत्तरदायी, पारदर्शी, जवाफदेही, दिगो एवम् परिणामुखी बनाउन सूचना प्रवाहलाई बढावा दिई कार्य सम्पादन गर्ने नीति लिईनेछ।

संस्थागत क्षमता अभिवृद्धि तथा मानव संशाधन विकास कार्यनीति:

२४७. कार्यसम्पादन कुशलतामा आधारित पुरस्कार र दण्डको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै कार्यसम्पादन स्तर, कार्यदक्षता र योग्यतालाई आधार लिई सरुवा, बढुवा र पुरस्कृत गर्ने नीति लिइनेछ। एकै प्रकृतिको कामकाज हुने शाखा, उप-शाखाहरुलाई समायोजन गरी एउटै शाखाको रुपमा सञ्चालन गरिनेछ। उप-महानगरद्वारा तर्जुमा गरिएका कानूनहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

२४८. नगर प्रहरीलाई नगरका विकास निर्माण, बजार अनुगमन, अतिक्रमण नियन्त्रण, राजश्व सङ्कलन, विपद्, उद्दार तथा राहत वितरण, न्यायिक निर्णयलाई कार्यान्वयन गर्ने कार्यमा समेत परिचालन गरिनेछ।

२४९. उप-महानगरको संस्थागत स्व-मूल्याङ्कनका आधारमा राम्रा अभ्यासलाई निरन्तरता दिँदै निर्वाचित जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। प्रशासनिक कार्यको अनुभव आदान-प्रदान गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको अवलोकन भ्रमणको समेत व्यवस्था गरिनेछ।

२५०. विशेष प्रकारको कामको लागि कर्मचारी भर्ना गर्दा म्यानेजमेन्ट कन्ट्रयाक्ट (Management Contract), आउट सोर्सिङ (Out Sourcing) को माध्यमबाट कर्मचारीहरुको व्यवस्थापन गर्ने नीति लिइनेछ।

२५१. सेवा प्रवाहमा थप सहजता कायम गर्नका लागि नगर कार्यपालिकाको कार्यालय र प्रत्येक वडा कार्यालयहरुमा सहायता कक्ष स्थापना गरी सञ्चालनमा ल्याइनेछ। वडामा विनियोजित कार्यक्रमको भुक्तानी सम्बन्धित वडा कार्यालयबाटै हुने व्यवस्था मिलाईदै लगिनेछ।

२५२. कर्मचारीको क्षमता विकास, अनुशासन एवम् वृत्ति विकासमा जोड दिई कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धी र उत्प्रेरित बनाउँदै कर्मचारीहरुको व्यवस्थापन गरिनेछ।

२५३. लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग तथा प्रभावकारी सेवा प्रवाहका लागि आवश्यकता अनुसार अन्य गाउँपालिका तथा नगरपालिकाहरुसँग समन्वय गरी लागत साझेदारी, सम्झौता तथा संयुक्त व्यवस्थापन जस्ता कार्यहरुलाई निरन्तरता दिइनेछ।

२५४. उप-महानगरपालिकाको सेवा प्रवाहमा गुणात्मक तथा परिमाणात्मक सुधारका लागि सबै विषयगत महाशाखा, शाखालाई साधन स्रोतयुक्त बनाउँदै लगिनेछ।

२५५. आन्तरिक पर्यटन प्रवर्द्धनका लागि सङ्घीय सरकारको नीति तथा व्यवस्था बमोजिम एकरुपता कायम हुने गरी उप-महानगरका कर्मचारीहरुलाई सोही अनुसारको सेवा सुविधा प्रदान गरिनेछ।

२५६. उप-महानगरपालिकाको समग्र प्रशासन सुधार तथा गतिशील प्रशासन संयन्त्र विकासका लागि नेपाल सरकारले जारी गरेका प्रशासन सुधारसम्बन्धी विभिन्न सुझावहरु लगायत विश्व परिवेशमा विकसित नवीन प्रशासकीय आयामहरुलाई स्थानीयस्तरमा आन्तरिकीकरण गरी स्वच्छ, सबल र पारदर्शी जनप्रशासन विकासको नीति अवलम्बन गरिनेछ।

सुशासन, कानूनी मामिला तथा स्थानीय न्यायिक निरुपण कार्यनीति :

२५७. भ्रष्टाचारमा शून्य सहनशीलता नीतिलाई अवलम्बन गरिनेछ।

२५८. **"न्याय सम्पादन ढिलो हुनु, न्याय नपाउनु सरह हो"** भन्ने न्यायको सिद्धान्तलाई अंगिकार गर्दै धनगढी उप-महानगरपालिका, न्यायिक समितिबाट सम्पादन हुने विवाद तथा मुद्धालाई छिटो-छरितो र पारदर्शी रुपमा सम्पादन गरिनेछ।

२५९. कसैप्रति पनि कुनै पुर्वाग्रह नराखी मानवीय मूल्य-मान्यता, मर्यादा र गरिमाको सम्मान गर्दै सबैको व्यक्तित्व र अस्तित्वको सदैव कदर गरी न्याय प्रदान गरिनेछ।

२६०. प्रविधिको माध्यमबाट न्यायिक कामकारबाहीलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ।

२६१. धारु, आदिवासी, जनजाती, सिमान्तकृत, यौनिक अल्पसंख्यक समुदाय, दलित, पिछडिएको वर्ग र क्षेत्रका व्यक्तिहरुका साथै वञ्चितीकरणमा परेका समुदायको न्यायमा सहज पहुँच सुनिश्चित गर्न कानुनी शिक्षा र सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

२६२. सबै वडा कार्यालयमा रहेका मेलमिलाप केन्द्रको सुदृढीकरण गरी मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरु वडास्तरमै निरुपण गर्ने कार्यलाई थप प्रभावकारी बनाउँदै **"विवादको साटो मेलमिलापको बाटो"** भन्ने नारालाई कार्यान्वयनमा लगिनेछ।

२६३. उप-महानगरपालिकालाई आवश्यक पर्ने ऐन, कानून, नियम, कार्यविधि, निर्देशिका, दिग्दर्शन तथा मापदण्ड बनाई विधिको शासनलाई पुर्ण रुपमा कार्यान्वयन गर्दै सुशासन कायम गर्नमा जोड दिइनेछ।

२६४. किशोर-किशोरीहरुका लागि प्रचलित कानूनी प्रक्रिया सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

२६५. उप-महानगरबासीलाई छिटोछरितो र सहज तरिकाले सेवा उपलब्ध गराउन २४ सै घण्टा नगर प्रहरी परिचालन गर्ने नीति अवलम्बन गरिनेछ।

आन्तरिक लेखा परीक्षण, आन्तरिक खरिद व्यवस्थापन कार्यनीति :

२६६. आर्थिक कार्यविधि कानूनहरुबाट सार्वजनिक वित्तीय व्यवस्थापनमा नियमितता ल्याउन तथा यसको सु-सञ्चालन गर्न महत्वपूर्ण जिम्मेवारी प्रदान गरेअनुरुप वित्तीय साधनहरुको उपयोग मितव्ययी तवरले दक्षतापूर्वक प्रयोग भए नभएको सुनिश्चित गरिनेछ।

२६७. आम्दानी र खर्च गर्ने क्रममा भएका त्रुटी एवम् कमी-कमजोरीहरुलाई तत्काल सच्याई कारोबारमा सुधार ल्याइनेछ।

२६८. लेखाङ्कन र प्रतिवेदन कार्यमा नियमितता ल्याइनेछ। आन्तरिक लेखा परीक्षणको कार्यलाई व्यवस्थित गर्न सबै प्रकारका कारोबारको भुक्तानी हुनु भन्दा पहिला पूर्व आन्तरिक लेखा परीक्षण गरेर मात्र भुक्तानी दिइनेछ।

२६९. आन्तरिक लेखा परीक्षणको कार्यलाई प्रभावकारी बनाई सार्वजनिक स्रोत साधनको दक्षतापूर्वक प्रयोग गरी वित्तीय जोखिम न्यूनीकरण गरिनेछ।

२७०. प्रभावकारी वित्तीय व्यवस्थापनका माध्यमबाट बेरुजुलाई न्यूनीकरण गर्दै शून्यमा झारी वित्तीय अनुशासन कायम गरिनेछ।

२७१. धनगढी उप-महानगरपालिकाकाको सेवा प्रवाह, विकास निर्माण, सुशासन र आर्थिक क्रियाकलापमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन तथा असल अभ्यासको स्थापना कायम गरिनेछ।

२७२. यस कार्यालयको प्रभावकारी नतिजा मार्फत स्वीकृत नीति तथा कार्यक्रमको कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गरिनेछ।

उपभोक्ता हित सम्बन्धी कार्यनीति :

२७३. गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा सम्वर्द्धन गरी उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्राप्त गर्न र उपभोक्तालाई हुन सक्ने हानि नोक्सानीवापत क्षतिपूर्ति उपलब्ध गराउने नीति लिइनेछ।

२७४. गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि वर्षभरी बाह्र महिना बजार अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

राजश्व परिचालन कार्यनीति :

२७५. राजश्व सङ्कलन प्रक्रियालाई घर संकेत (House Numbering) प्रणालीसँग आबद्ध गर्ने प्रक्रियाको थालनी गरिनेछ ।

२७६. शहरको सौन्दर्य र सूरक्षामा आँच आउने गरी विज्ञापन सामग्रीहरु राख्ने कार्यलाई पूर्णत: निषेध गरिनेछ । विज्ञापन व्यवसायलाई व्यवस्थित गर्न मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।

२७७. वित्तीय प्रशासन सुधारका लागि व्यवसायिक, दक्ष र सुदृढ राजश्व प्रशासन विकास गर्दै लगिनेछ । साथै, राजश्व परिचालनका दायरा परिमार्जन गर्न राजश्वसम्बन्धी एक अध्ययन कार्यदल गठन गरिनेछ । करका दायरा फराकिलो गरी न्यूनतम करको दरमा अधिकतम राजश्व सङ्कलन गर्ने नीति लिइनेछ ।

२७८. कर तथा गैर कर राजश्व अनुगमन कार्यलाई कडाईका साथ लागु गर्न अनुगमन टोली गठन गरी परिचालन गरिनेछ ।

२७९. सम्पत्ति कर, मालपोत कर तथा भूमिकरलाई समय सापेक्ष बनाउँदै वडास्तरबाट राजश्व सङ्कलन कार्यलाई निरन्तरता दिइनेछ । साथै, आम करदाताको सहज, छिटो र गुणस्तरीय सेवाका लागि अनलाइन भुक्तानी प्रणाली (Online Payment System) लाई थप प्रभावकारी बनाउँदै लगिनेछ । नगरभित्र सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ ।

२८०. आन्तरिक स्रोतसाधनको प्रभावकारी परिचालन गर्ने गतिशील कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करका दायरा विस्तार, करको दर पुनरावलोकन, करको क्षेत्र विस्तार र राजश्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाइनेछ ।

२८१. उप-महानगरक्षेत्र भित्र पर्ने नदी तथा सार्वजनिक स्थलबाट बालुवा, ग्राभेल, माटो र ढुङ्गा उठाउने कार्यलाई दिगो वातावरणमैत्री बनाउँदै राजश्व परिचालनको प्रमुख आधारको रुपमा विकास गरिनेछ । प्रचलित कानून विपरित उत्खनन्, संकलन एवम् भण्डार गर्नेलाई कानून बमोजिम कार्वाही गरिनेछ ।

२८२. नगर कार्यपालिकाको कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चलाई मितव्ययी बनाउँदै नगरको आन्तरिक स्रोतले चालु खर्च धान्ने नीति अवलम्बन गरिनेछ ।

२८३. आर्थिक प्रशासन शाखाबाट प्रवाह हुने सेवालाई छिटो, छरितो, पारदर्शी बनाउन इलेक्ट्रोनिक फण्ड ट्रान्सफर (Electronic Fund Transfer-EFT) कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै, वित्तीय प्रगति प्रतिवेदनलाई सूचना प्रविधिसँग आबद्ध गरी खर्च प्रक्रियालाई पारदर्शी बनाउँदै लगिनेछ ।

२८४. आम करदाता र कर प्रशासन दुवै पक्षको ईमान्दारिता, पारदर्शिता, स्वच्छता र सदाचारिता कायम गर्दै कर कानूनको पालना गर्न करदाता साक्षरता अभियान सञ्चालन गरिनेछ । नगरको आर्थिक हित तथा समुन्नति अभिवृद्धिका लागि रोजगारमूलक उद्योगमा कर छुटको नीतिलाई निरन्तरता दिइनेछ ।

२८५. राजश्व सुधार कार्ययोजनालाई कार्यान्वयन गर्दै राजश्व सङ्कलनलाई थप प्रभावकारी बनाउँदै लगिनेछ । अनुदानमा आधारित बजेटको स्रोतलाई राजश्व वृद्धि बढोत्तरीले क्रमश: प्रतिस्थापन गर्दै लगिनेछ ।

२८६. घरदैलोबाट कर उठाउन राजश्व परिचालन कार्यदल गठन गरिनेछ । कार्यदललाई उत्प्रेरणा व्यवस्थापन कायम गर्न थप प्रोत्साहनको व्यवस्था समेत कायम गरिनेछ ।

२८७. हाल कायम रहेको १० प्रतिशत घर बहाल करलाई निरन्तरता दिँदै सो करलाई ठेक्कापट्टा मार्फत व्यवस्थापन गर्नका लागि कार्यविधि तयार गरी लागू गरिनेछ ।

२८८. नदीजन्य पदार्थको चोरी निकासी, सडक पेटीमा सञ्चालित फुटपाथ पसलहरु र नक्सापास नगरी निर्माण भइरहेका भौतिक संरचना, सार्वजनिक खोलानालामा मिसाईएका ढल नियन्त्रण तथा नियमन गर्नका लागि नगर प्रहरी परिचालन गरिनेछ ।

जिन्सी व्यवस्थापन सम्बन्धी कार्यनीति :

२८९. हाल नगरपालिका तथा वडा कार्यालयबाट सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (Public Assets Management System-PAMS) पूर्ण रुपममा लागू गरिरहेकोमा आगामी आर्थिक वर्षमा स्वाथ्य केन्द्रमा समेत लागू गर्ने नीति लिइनेछ ।

२९०. बजारलाई सफा, सुन्दर र आकर्षक बनाउनका लागि आवश्यक भौतिक निर्माण गर्न, उपमहानगरभित्रका कच्ची सडकहरुमा ग्राभेल गर्न र अतिक्रमित संरचना हटाउने प्रयोजनका लागि आवश्यक टिप्पर र लोडर खरिद गरी सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

नगर सभा सदस्यहरु,

अन्त्यमा,

"बसोबास योग्य हरित सहर : समुन्नत धनगढी उपमहानगर" को परिकल्पनालाई साकार रुप दिन **"हाम्रो धनगढी : हामी बनाउँछौं"** अभियान सञ्चालनका लागि यहाँहरु सबैको साथ सहयोग र समर्थनको निरन्तरताको अपेक्षा गरेको छु । हामीलाई उपलब्ध साधन स्रोतहरुका कारण हाम्रो कार्यकालको एक वर्षको अवधिमा हामीले जुन रुपमा धनगढीबासीको माग, आवश्यकता र चाहनाहरुको सम्बोधन गर्नु पर्ने थियो, तिनको सम्बोधन नभएको हुन सक्छ । यद्पि हामी नगरको प्राथमिकतामा रहेका र साधन स्रोतले भ्याएसम्मका कार्यक्रमहरुलाई उच्च प्राथमिकताका साथ क्रमिक रुपमा सम्बोधन गर्दै नगरबासीको आशा र भरोसालाई चाँडो भन्दा चाँडो सम्बोधन गर्नका लागि खटिरहेका छौं । यसका लागि उप-महानगरको आवधिक योजना अनुसार सालबसाली रुपमा सञ्चालन हुने कार्यक्रमहरुको कार्यान्वयनमा नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार र विकास साँझेदारहरुसंगको सहकार्य र समन्वयको अपरिहार्यता रहेको कुरा हामीले राम्ररी बुझेका छौं । हामीले प्रस्तुत गरेका आर्थिक वर्ष २०८०।८१ का नीति तथा कार्यक्रमहरुको कार्यान्वयन मार्फत धनगढी उप-महानगरको समुन्नति र विकासका लागि आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग पुर्‍याउनका लागि नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, राजनीतिक दल, बुद्धिजीवि एवम् प्रवुद्ध वर्गहरु, आम नगरबासी, मतदाता, निजी क्षेत्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैहसरकारी संस्था, कर्मचारी, नागरिक समाज, सञ्चार जगत लगायत स्रोत परिचालन, कानूनी सहायता एवम् प्राविधिक तथा परामर्श क्षेत्रमा क्रियाशील संघसंस्थाहरुलाई हातेमालोका लागि हार्दिक अपिल गर्दछु ।

धन्यवाद !

२०८० असार ७ गते रोज ५ शुभम् ।

गोपाल हमाल
नगर प्रमुख

निर्णय नं. २:-

सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय श्री पृथ्वी बहादुर सिंहज्यूको गृह जिल्ला बझाङ्ग जाने क्रममा केदारस्यूँ गाउँपालिका वडा नं. १ मा मिति २०८० असार ५ गतेका दिन सवारी दुर्घटनामा परी उहाँ र उहाँकी धर्मपत्नी श्री अमृता देवी सिंह र भाउजु श्री जया देवी सिंहको समेत असामयिक निधन भएको प्रति गहिरो दु:ख व्यक्त गर्दै मृतक सबै प्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछौँ र यस दु:खद घडीमा शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना समेत व्यक्त गर्दै यो शोक प्रस्ताव पारित भयो।

अर्को बैठक २०८०/०३/१० गते आइतबार अपरान्ह १२:०० बजे बस्ने गरी आजको बैठक स्थगित गरियो।